# कसूर पीडितको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः अभियुक्त र कसूरदारको संवैधानिक र कानूनी अधिकारलाई कुनै पनि रुपमा उपेक्षा वा न्यून आँकलन नगरी फौजदारी न्यायिक प्रकृयाको अभिन्न अंगको रुपमा पीडित समेत रहने तथ्यलाई स्वीकार गरी कसुर पीडित र कसुर पीडितले कसुरको प्रत्यक्ष परिणाम स्वरुप बेहोरेको क्षतिलाई कानूनी मान्यता दिई पीडितको हक हितको संरक्षणको लागि पीडितको न्यायको अधिकारलाई मान्यता र संरक्षण प्रदान गर्न,

खास कसुरका कसुरदारबाट पीडितलाई क्षतिपूर्ति भराउन र समाजमा संभव भएसम्म कसूर हुन नदिने राज्यको प्राथमिक दायित्व रहेको तथ्यलाई स्मरण गरी कसूरबाट पीडितलाई पुगेको प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि राज्यको कोषबाट प्रतिकात्मक रुपमा भएपनि क्षतिपूर्तिको योजना लागू गर्नको लागि पीडित क्षतिपूर्ति कोष स्थापना गर्न, पीडितलाई क्षतिपूर्ति दिन कसूरदारलाई समेत जिम्मेवार बनाई सो कोषको लागि कसूरदारबाट क्षतिपूर्ति शुल्क असुल गर्न एवं पीडितको हितको लागि विभिन्न सेवा संचालन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले व्यवस्थापिका-संसदको हैसियतमा यो ऐन बनाएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "कसूर पीडित संरक्षण ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानव्वेऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) अप्रत्यासित यातायात खर्च" भन्नाले कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको क्षति कम गर्नको लागि तत्काल निजलाई परामर्श वा औषधोपचार सेवाको आवश्यकता परेकोमा पीडितको बसोबास स्थल वा कार्य स्थल वा बारदात स्थलबाट कम्तीमा दश किलो मिटरको दूरीसम्म पनि त्यस्तो सेवा उपलब्ध हुन नसकी पीडितले त्यस्तो सेवा प्राप्त गर्नको लागि गर्नु परेको यातायातमा लागेको मुनासिव खर्च सम्झनु पर्छ ।

(ख) "अदालत" भन्नाले कसुरको कारबाही र किनारा गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अदालत, न्यायाधीकरण, निकाय वा अधिकारी समेत सम्झनु पर्छ ।

(ग) "अभिभावक" भन्नाले प्रथम स्तरको पीडितको देहायको व्यक्ति सम्झनु पर्छ ।

१. आमा, बाबु

२. सौतेनी आमा, सौतेनी बाबु

३. बाबु पट्टिको हजुरबुबा, हजुरआमा,

४. प्रथम स्तरको पीडितलाई स्याहार सम्भार, संरक्षण वा पालन पोषण गरिरहेको व्यक्ति,

५. जन्म वा धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण गरेको आधारमा आमा बाबु नभए पनि प्रचलित कानुन बमोजिम आमा बाबुको हैसियत प्राप्त गरेको वा मृत्यु भएको वा क्षति पुगेको पीडितले आमा बाबुको रुपमा स्वीकार गरेको व्यक्ति,

(घ) "आश्रित व्यक्ति" भन्नाले आफ्नो स्याहार, सुसार , संरक्षण वा पालन पोषणको लागि प्रथम स्तरको पीडितमा आर्थिक, भौतिक, भावनात्मक वा अन्य कुनै कारणले पूर्ण वा आंशिक रुपमा आश्रित व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो प्रथम स्तरको पीडित सितको शारिरीक सम्पर्कबाट निजको मृत्यू पछि जन्मेको नाबालिग व्यक्ति समेत जनाउनेछ ।

(ङ) "कसूर" भन्नाले एक वा सो भन्दा बढी व्यक्तिले पीडितको विरुद्धमा नेपालको राज्य क्षेत्रभित्र यस ऐन प्रारम्भ भएपछि गरेको प्रचलित कानुन बमोजिम सरकार वादी हुने फौजदारी कसूर सम्झनु पर्छ जुन कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको मृत्यु भएको वा पीडितले क्षति बेहोर्नु परेको हुन्छ ।

(च) "कसूरदार" भन्नाले अधिकार प्राप्त अदालतबाट उपखण्ड (ङ) बमोजिमको कसूर गरेकोमा कसूरदार ठहर भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "कार्य" भन्नाले अकार्य (ओमिसन) समेत सम्झनु पर्छ ।

(ज) "कोष" भन्नाले दफा ९५ बमोजिमको पीडित क्षतिपूर्ति कोष सम्झनु पर्छ ।

(झ) "गम्भीर कसुर" भन्नाले चार वर्ष भन्दा बढि कैद हुने सरकारवादी फौजदारी कसुर सम्झनु पर्छ ।

(ञ) "नजिकको नातेदार" भन्नाले प्रथम स्तरको पीडितको विरुद्धमा भएको कसूरमा संलग्न नभएको प्रथम स्तरको पीडितको देहायको व्यक्ति सम्झनु पर्छ;

१. प्रथम स्तरको पीडितको मृत्यु हुँदा वा वा निजलाई क्षती पुग्दाका बखत निजसग एकासंगोलमा रहेको पति, पत्नी,

२. एकासंगोलमा नभए पनि पीडितको मृत्यु हुनु वा निजलाई क्षति पुग्नु अगाडि प्रथम स्तरको पीडितबाट आर्थिक सहायता प्राप्त गरिरहेको पति, पत्नी,

३. अभिभावक,

४. सन्तान,

५. प्रथम स्तरको पीडितको दाजु, भाइ, दिदी, बहिनी,

६. प्रथम स्तरको पीडितको एकासंगोलको परिवारको सदस्य ।

(ट) "दिशान्तर कार्यक्रम (डाइभर्सन प्रोग्राम)" भन्नाले प्रचलित कानून बमोजिम पीडकलाई मुद्दा नचलाई वा कारागारमा नपठाई सुधारगृह, परामर्श केन्द्र वा यस्तै अन्य कुनै निकायमा पठाउने वा सार्वजनिक कार्य वा सामुदायिक सेवामा लगाउने वा पीडक र पीडित बीचको सहमतिमा मेलमिलाप गराउने वा यस्तै प्रकृतिको अन्य कुनै कार्य सम्झनु पर्छ ।

(ठ) "नाबालिग" भन्नाले अठार वर्ष उमेर नपुगेको व्यक्ति सम्झनु पर्छ

(ड) " सन्तान " भन्नाले प्रथम स्तरको पीडितको छोरा छोरी सम्झनु पर्छ र सो शब्दले प्रथम स्तरको पीडितको देहायको व्यक्ति समेत जनाउनेछ ।

(१) धर्मपुत्र, धर्मपुत्री

(२) सौतेनी छोरा, सौतेनी छोरी

(३) प्रथम स्तरको पीडित सितको शारिरीक सम्पर्कबाट पीडित व्यक्तिको मृत्यू पछि जन्मेको व्यक्ति

(४) प्रचलित कानुन बमोजिम पति पत्नीको मन्जूरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृतिम गर्भाधान प्रणालीद्वारा जन्मेको व्यक्ति,

(५) मृत्यु भएको वा क्षति पुगेको पीडितद्वारा बारदात अघिसम्म सन्तानको रुपमा स्वीकार गरेको व्यक्ति ।

(ढ) "पीडित" भन्नाले प्राकृतिक व्यक्तिको रुपमा रहेको प्रथम स्तरको पीडित, द्वितीय स्तको पीडित र पारिवारिक पीडित सम्झनु पर्छ ।

तर कसुरमा सलग्न भएको कारण देहायको अवस्थामा कुनै व्यक्तिको मृत्यु भएमा वा निजलाई क्षति पुगेमा मृत्यु भएको वा क्षति बेहोरेको व्यक्ति वा निजको परिवारको सदस्यलाई पीडितको हैसियत प्राप्त हुने छैन ।

(१) प्रचलित कानून बमोजिम निजी रक्षा अन्तर्गत आफ्नो जीउ, ज्यान, सम्पत्ति वा सतित्वको रक्षा गर्ने सिलसिलामा कुनै कार्य गर्दा,

(२) अधिकार प्राप्त अधिकारिको आदेश बमोजिम खटिएको वा तैनाथ रहेको सुरक्षा कर्मीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै कार्य गर्दा

(३) प्रचलित कानून बमोजिम अनुसन्धान वा तहकिकात गर्ने अधिकार पाएको अनुसन्धान अधिकारीले आफ्नो अधिकार क्षेत्र भित्र रही अनुसन्धान वा तहकिकातको सिलसिलामा कुनै कार्य गर्दा

(४) प्रचलित कानून बमोजिम आपराधिक दायित्व बहन गर्नु नपर्ने अवस्थामा भएको कुनै कार्य,

तर पीडकको उमेर, मानसिक अस्वस्थ्यता(insanity), कुटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणाम स्वरुप पीडकले आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा पनि यस ऐनको प्रयोजनको लागि त्यस्तो व्यक्तिले कसुर गरेको मानिने र कसुरका कारण सम्बन्धित व्यक्तिलाई पीडित मानिनेछ ।

(५) उपखण्ड (२) र (३) बमोजिमको व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कार्यबाट निजको मृत्यु भएकोमा वा निजलाई क्षति पुगेकोमा मृत्यु भएको वा क्षति बेहोरेको व्यक्ति वा निजको परिवारको सदस्यलाई यस ऐनको प्रयोजनको लागि पीडित मानिने छैन ।

(ण) "प्रथम स्तरको पीडित" भन्नाले पीडकको उमेर, मानसिक अस्वस्थता कुटनीतिक उन्मुक्ति वा पदीय आधारले प्राप्त उन्मुक्तिको परिणाम स्वरुप फौजदारी दायित्व बेहोर्नु नपर्ने वा पीडकको पहिचान नखुलेको वा पीडक विरुद्ध अभियोग नलागेको वा कसुरसंग सम्बन्धित मुद्दा फिर्ता भएको वा कसुरदारलाई भएको सजाय माफि भएको वा कसूरदार ठहर नभएको वा पीडितसंग पीडकको जे जस्तो पारिवारिक सम्बन्ध भएपनि पीडित विरुद्ध बारदात भएकोमा कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको वा क्षति पुगेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कसूरमा संलग्न नरहि देहायको कुनै अवस्थामा मृत्यु भएको वा क्षति पुगेको व्यक्ति समेत जनाउनेछ;-

(१) कसूर गरिरहेको व्यक्तिलाई कसूर गर्नबाट रोक्ने कार्य गर्दा,

(२) कुनै व्यक्तिको विरुद्धमा कसूर भइरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई कसूरबाट बचाउने उद्देश्यले मुनासिव सहयोग र उद्धार गर्ने कार्य गर्दा,

(३) कसूर गरिरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा संकास्पद व्यक्ति, अभियुक्त वा कसूरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकार प्राप्त अधिकारीलाई सहयोग पुऱ्याउदा

(त) "द्वितीय स्तरको पीडित" भन्नाले प्रथम स्तरको पीडितको विरुद्धमा भइरहेको वा भएको कसूरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नु परेको र त्यस्तो कसूरमा संलग्न नरहेको व्यक्ति सम्झनु पर्छ जुन कसूरको प्रत्यक्ष परिणाम स्वरुप प्रथम स्तरको पीडितको मृत्यु भएको वा प्रथम स्तरको पीडितलाई क्षति पुगेको हुन्छ र सो शब्दले देहायको अवस्थामा प्रथम स्तरको पीडितको विरुद्धमा भएको कसूरका सम्बन्धमा थाहा पाएको कारणले क्षति बेहोर्नु परेको व्यक्ति समेत जनाउनेछ जुन कसूरको प्रत्यक्ष परिणाम स्वरुप प्रथम स्तरको पीडितको मृत्यु भएको वा प्रथम स्तरको पीडितलाई क्षति पुगेको हुन्छ;

१. त्यस्तो व्यक्ति प्रथम स्तरको पीडितको अभिभावक भएमा,

२. प्रथम स्तरको पीडित नावालिग भएमा र

३. त्यस्तो क्षति बेहोर्नु परेको व्यक्ति त्यस्तो कसूरमा संलग्न नरहेमा,

(थ) "पारिवारिक पीडित" भन्नाले प्रथम स्तरको पीडितको विरुद्धमा भएको कसूरमा संलग्न नरहि उक्त कसूरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएको प्रथम स्तरको पीडितको नजिकको नातेदार वा निजमा आश्रित व्यक्ति सम्झनु पर्छ।

(द) "फौजदारी न्यायिक प्रकृया" भन्नाले कसुरको सम्बन्धमा जाहेरी वा सूचना लिने, सोधपुछ, अनुसन्धान, तहकिकात अभियोजन र अदालती कारवाही समेत सम्झनु पर्छ ।

(ध) "मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति" भन्नाले चिकित्सकीय परीक्षणबाट पहिचान भएको, छोटो समयमा मै समाप्त वा न्युन नहुने र पीडितको स्वास्थ्थमाथि प्रतिकूल असर पुऱ्याउने प्रभाव सम्झनु पर्छ ।

(न) "पति-पत्नी " भन्नाले प्रथम स्तरको पीडितको देहायको व्यक्ति सम्झनु पर्छ ।

१. प्रथम स्तरको पीडितसंग वैवाहिक सम्बन्ध कायम भएको व्यक्ति, वा

२. पीडितसंग वैवाहिक सम्बन्ध कायम भए सरह संगै रहे बसेका (कोहेविटेसन) विपरित लिंगका व्यक्ति,

३. दफा २ को खण्ड (ञ) को उपखण्ड (१) र (२) मा उल्लेखित व्यक्ति,

(ऩ) "पीडितको पहिचान" भन्नाले पीडितको वास्तविक नाम, थर, हुलिया, वतन, इमेल ठेगाना, टेलिफोन नम्वर, तस्विर, चित्र र परिचय खुल्ने अन्य यस्तै कुरा सम्झनु पर्छ ।

(प) "मानसिक तनाव" भन्नाले चिकित्कसद्वारा पहिचान गरिएको अल्पकालीन मानसिक चिन्ता सम्झनु पर्छ ।

(फ) "विशेष अवस्था" भन्नाले कसुर हुँदाका बखत पीडितको शारिरीक, मानसिक वा भावनात्मक स्थिति वा पीडितको बसोबास स्थल, कार्यस्थल वा बारदात स्थलको विशेष अवस्थितिको अनुचित लाभ उठाई पीडितको विरुद्धमा गरिएको कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितले असामान्य प्रभाव वा असर वेहोरेको वा बेहोर्नु पर्ने अवस्था सम्झनु पर्छ ।

(ब) "शंकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद्ध व्यक्ति" भन्नाले शंकास्पद व्यक्ति, अभियुक्त वा कसुरदारको नातेदार वा निजसंग आर्थिक, वितीय, व्यापारिक सम्बन्ध वा स्वार्थ गाँसिएको व्यक्ति, आपराधिक समूह, संजाल वा संगठन सम्झनु पर्छ ।

(भ) "सम्बद्ध कसुर" भन्नाले जुन कसुरको सम्बन्धमा यस ऐन बमोजिम क्षतिपूर्ति प्राप्त गरेको हो सो कसुर र सो कसुरमा सजाय तोक्नको लागि आधार लिईएको अन्य कुनै कसुर समेत सम्झनु पर्छ ।

(म) "सामान्य कसुर" भन्नाले चार वर्षसम्म कैद हुने सरकारबादी फौजदारी कसुर सम्झनु पर्छ ।

(य) "समिति" भन्नाले दफा १०७ बमोजिमको पीडित क्षतिपूर्ति समिति सम्झनु पर्छ ।

(र) "सरुवा रोग" भन्नाले पीडितको शारिरीक वा मानसिक स्वास्थ्य वा आयु माथि प्रतिकूल प्रभाव पार्ने चिकित्सा विज्ञानद्वारा मान्यता प्राप्त विमारीपन वा अवस्था सम्झनु पर्छ ।

(ऱ) "क्षति" भन्नाले कसूरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको देहायको क्षति सम्झनु पर्छ ।

(१) शारिरीक अंगभंग
(२) जवर्जस्ती करणीका कारण गर्भाधान
(३) सरुवा रोग लाग्नु
(४) मानसिक तनाव (इमोसनल ट्रमा) वा मानसिक क्षति,

(५) शारिरीक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट हुनु वा सो क्षमता माथि गम्भीर क्षति हुनु,

(६) जवर्जस्ती करणीका कारण सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव

(७) जवर्जस्ती करणीका कारण पति, पत्नीको कानूनसमंत यौन सम्बन्धमा परेको प्रतिकूल प्रभाव,

(८) मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति,

(९) आर्थिक वा भौतिक क्षति,

(१०) पीडितको शारिरीक सौन्दर्य कुरुप हुनु ।

(व) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## पीडित सम्बन्धी आधारभूत नीतिहरु

३ **आधारभूत नीतिहरुः** (१) नेपाल सरकारले शंकास्पद व्यक्ति, अभियुक्त वा कसुरदार वा निज सम्बद व्यक्तिबाट पीडितको जीउ, ज्यान र सम्पत्तिमाथि हुन सक्ने आक्रमण, क्षति, धम्की, र डर त्रासबाट सुरक्षा प्रदान गर्नेछ ।

(२) नेपाल सरकारले फौजदारी न्याय प्रशासन र सम्पादनमा संलग्न जनशक्तिलाई पीडितसंग मानवोचित तरिकाले व्यवहार गर्नको निमित्त आवश्यकता अनुसार संचालन गर्नुपर्ने तालीम वा अभिमुखीकरणको व्यवस्था गर्नेछ।

(३) नेपाल सरकारले फौजदारी न्याय प्रशासन र सम्पादनसंग सम्बन्धित निकायहरुको भौतिक संरचना संभव भएसम्म पीडित मैत्री हुने गरी तयार गर्नेछ ।

(४) नेपाल सरकारले फौजदारी न्याय प्रशासन र सम्पादनसंग सम्बन्धित निकायमा सेवा लिन जाँने पीडितलाई भाषाको कारणबाट कठिनाई नहोस भनि आवश्यकता अनुसार दोभासेको व्यवस्था गर्नेछ ।

(५) नेपाल सरकारले पीडितको संरक्षणको लागि पीडित संरक्षण कार्यक्रम संचालन गरी त्यस्तो कार्यक्रममा पीडितको पहूँच हुने गरी व्यवस्था मिलाउनेछ ।

(६) नेपाल सरकारले समयमै कसुरको अनुसन्धान, तहकिकात र अदालती कारबाही सम्पन्न गरी पीडितलाई चाँडो न्याय दिलाउन आफनो तर्फबाट गर्नु पर्ने कार्य समयमै र प्रभावकारी रुपले सम्पादन गर्न प्राथमिकता दिनेछ।

४. **नीतिहरुको प्रयोगः** (१) कसैले पनि यस परिच्छेदमा लेखिएका नीतिहरु लागू गर्नको लागि कुनै पनि अदालतमा प्रश्न उठाउन पाउने छैन ।

(२) यस परिच्छेदमा लेखिएका नीतिको उल्लंघन भएबाट कसैलाई क्षति पुगेमा क्षतिपूर्तिको लागि दाबी गर्ने अधिकार सिर्जना भएको मानिने छैन ।

(३) यस परिच्छेदमा लेखिएका नीति कार्यान्वनयन नभएका कारण यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गरेको कुनै कार्यको वैधानिकतामाथि प्रतिकूल असर पर्ने र त्यस्तो कार्यमाथि कुनै प्रश्न उठाउन पाईने छैन।

(४) नेपाल सरकारले उपलब्ध स्रोत साधन अनुसार संभव भएसम्म यस परिच्छेदमा लेखिएका नीतिहरु कार्यान्वयन गर्नेछ ।

## परिच्छेद -३

## फौजदारी न्यायिक प्रकृयामा पीडितका अधिकार र कर्तव्यः

५. **स्वच्छ व्यवहार पाउने अधिकार**ः पीडितलाई फौजदारी न्यायिक प्रकृयामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने व्यहार पाउने अधिकार हुनेछ ।

६. **भेदभाव विरुद्धको अधिकार**ः फौजदारी न्यायिक प्रकृयामा पीडितको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, पुर्खा, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारिरीक वा मानसिक अस्वस्थ्थता वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्नृ हुदैन

तर नाबालिग, बृद्ध, वा शारिरीक वा मानसिक रुपले असक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रकृयाको रोहमा विचार गर्नु पर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिने छैन ।

७. **गोपनीयताको अधिकार**ः (१) देहायका कसुरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितको वास्तविक पहिचानको सट्टामा सांकेतिक पहिचान खुलाउनु पर्नेछ;-

(क) जर्वजस्ती करणी,
(ख) हाडनाता करणी,
(ग) मानव वेचविखन,
(घ) यौन दुर्व्यवहार,
(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूर,

(२) उपदफा (१) को कसुरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रुपबाट प्रकट गर्न हुदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा पीडितको पहिचान प्रकट गर्न सकिने छ;

(क) अदालतको आदेश भएमा,

(ख) पीडितको सहमति भएमा वा पीडित नाबालिग वा प्रचलित कानून बमोजिम संरक्षकत्व चाहिने व्यक्ति भएमा निजको अभिभावक वा संरक्षकको सहमति भएमा,

(ग) पीडित व्यक्ति साक्षी समेत भएकोमा साक्षीको विश्वसनीयता सम्बन्धमा प्रश्न उठेमा र सो प्रश्नको निरुपण गर्न पर्ने भएमा,

(घ) उपखण्ड (ग) बमोजिमको साक्षीको पहिचान नखुलाई निजको विश्वसनीयता माथि परीक्षण गर्न नसकिने भएमा,

(ङ) पीडितले यस अघि नै आफ्नो पहिचान प्रकट गरिसकेको वा निजले गरेको कुनै कार्यबाट निजको पहिचान प्रकट भइसकेको देखिएमा ।

(३) पीडितले चाहेमा उपदफा (१) बमोजिमका कसुरको अनुसन्धान तहकिकात र अदालती कारवाहीको सिलसिलामा प्रथम स्तरको पीडितसंग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा देहाय बमोजिम गर्नु पर्नेछ ;

(क) पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर,

(ख) पीडितको वास्तविक स्वर बदल्न दिएर,

(ग) अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्य दृष्य संवाद प्रबिधि पयोग गरेर

(घ) अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर ।

८. **अनुसन्धान सम्बन्धी सूचनाको अधिकार**: (१) पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले निजलाई देहायको बिषयमा यथासक्य चाँडो सूचना दिनेछ ;

(क) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श,

(ख) अभियोजन गर्ने निकायको नाम, ठेगाना र टेलिफोन नम्बर,

(ग) अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,

(घ) अनुसन्धान तथा तहकिकातको प्रगति विवरण,

(ङ) शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,

(च) शंकास्पद व्यक्ति पक्राउ भएमा सो को वेहोरा,

(छ) शंकास्पद वा अन्य कुनै व्यक्तिले कसुरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,

(ज) अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुन पक्राउ भएमा सो को वेहोरा,

(झ) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानुन बमोजिम हिरासतबाट छाडेमा सो को बेहोरा,

(ञ) कसुरका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारी

(२) उपदफा (१) को खण्ड (ङ), (च) र (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई त्यस्तो सूचना दिएमा सो कसुरको अनुसन्धानमा प्रतिकूल असर पर्ने संभावना भएमा वा शंकास्पद वा निजसम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिने छैन र त्यसरी सूचना दिन नमिल्ने वेहोराको कारण सहितको जानकारी पीडितलाई दिनु पर्नेछ ।

९. **अभियोजन सम्बन्धी सूचनाको अधिकार**: अभियोजन गर्ने निकाय बा अधिकारीले कसुरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा यथाशक्य चाँडो देहायको सूचना दिनेछ;

(क) मुद्दा नचलाउन निर्णय गरेको भएमा मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ख) कुनै व्यक्ति विरुद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ग) मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपी,

(घ) प्रचलित कानुन बमोजिम हुने अदालती कारबाहीको प्रकृया सम्बन्धी सामान्य जानकारी,

(ङ) मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानुन बमोजिम थप माग दावी लिएकोमा सो को बेहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको आदेश,

(च) पीडित व्यक्ति कसुरको साक्षी समेत भएकोमा निजले साक्षीको रुपमा निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धी जानकारी,

(छ) अभियोगपत्र दायर हुँदा फरार रहेको अभियुक्त मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ भई वा आफैं हाजिर हुन आएमा सो को बेहोरा,

(ज) कसुरका सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सो को बेहोरा,

१०. **न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकारः** अभियोजन गर्ने निकाय वा अधिकारीले पीडितले माग गरेमा निजलाई यथाशक्य चाँडो देहायको सूचना दिनु पर्नेछ;

(क) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सो को वेहोरा,

(ख) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सो को बेहोरा,

(ग) अदालतमा हुने सुनुवाईको मिति, स्थान र समय,

(घ) अभियुक्तले प्रचलित कानून बमोजिम जमानत वा तारेखमा छुटी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको बेहोरा,

(ङ) अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छाड्दा कुनै शर्त राखेकोमा खास गरी पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी बेहोरा,

(च) अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी प्रचलित कानून बमोजिम शुरु अदालतलको आदेश विरुद्ध पुनराबेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको बेहोरा,

(छ) पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेकोमा पुन पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को बेहोरा,

(ज) अभियुक्त वा कसुरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मुक्त गरिएकोमा सपुरिवेक्षण शर्तहरु र त्यस्ता शर्तहरू हेरफेर भएमा हेरफेर गरिएका शर्त सम्बन्धी बेहोरा र त्यस्तो हेरफेर लागु हुने मिति,

(झ) सुपरीवेक्षणमा थुनाबाट मुक्त भएको अभियुक्त वा कसुरदारले सुपरीवेक्षणका शर्तहरु पालना गरे नगरेको,

(ञ) अभियुक्त वा कसुरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी बेहोरा,

(ट) कसुरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय,

(ठ) कसुरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुन पक्राउ भई आएमा सो को वेहोरा,

(ड) कैद सजाय भुक्तान हुनु अगावै कसुरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसुरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा,

(ढ) प्रचलित कानून बमोजिम सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्दा नचलाइएको वा कारगार नपठाइएको वा कैदबाट मुक्त गरिएको पीडकले सुपरीवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने निकाय र उजुरी गर्ने तरिका,

(ण) कसुरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना,

(त) कसुरदारले प्रोवेशन, प्यारोल वा समुदायिक सेवा वा खुला कारागार वा यस्तै किमिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी बेहोरा,

(थ) कसुरका सम्बन्धमा भएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको,

(प) फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा,

(फ) फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सो को परिणाम,

(ब) कसुरदारलाई सुपरीवेक्षणमा राखिएकोमा सुपरीबेक्षणको शर्त परिवर्तन गर्न वा सुपरीवेक्षणको आदेश खारेज गर्न कसुरदार वा अन्य कसैले प्रचलित कानून बमोजिम निवेदन दिएको मा सो निबेदन र सो मा भएको निर्णय ,

(भ) थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सो को व्यहोरा,

(म) विदेशी अभियुक्त वा कसुरदारलाई प्रचलित कानून बमोजिम नेपाल सरकारले नेपालको राज्य क्षेत्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोरा,

(य) नेपालमा कसुर गरी विदेश गएको व्यक्तिलाई विदेशी राज्य वा सरकारले सुपुर्दगी गरेमा त्यसको व्यहोरा ।

११. **सुरक्षित हुन पाउने अधिकारः** पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसुरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुने छ ।

१२. **धारणा व्यक्त गर्ने अधिकारः** (१) पीडित व्यक्तिले देहायको विषयमा सम्बन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउनेछः

(क) सम्बन्धित कसुरमा शंकास्पद व्यक्तिका सम्बन्धमा अभियोग लगाउँदा,

(ख) शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्दा नचलाउने निर्णय गर्नु परेमा,

(ग) अभियुक्तसंग प्रचलित कानुन बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा,

(घ) प्रचलित कानुन बमोजिम हुने सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा,

(ङ) मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्रमा प्रचलित कानुन बमोजिम थप माग दावी गर्नुपर्ने भएमा,

(च) कसुरदारलाई सजाय तोक्नु अगावै प्रचलित कानुन बमोजिम सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा,

(छ) कसुरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा,

(ज) अभियुक्तमा कसुर गर्न सक्ने मानासिक वा शारिरीक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानुन बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा,

(झ) प्रचलित कानुन बमोजिम अभियुक्त वा कसुरदारका हकमा दिशान्तर (डाइभर्सन) कार्यकर्मको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा ।

(ञ) कसुरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्वित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा,

(ट) प्रचलित कानून बमोजिम अदालतमा विचाराधिन कसुर सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा सुनुवाई गर्दा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले परामर्शको माग नगरेमा वा पीडित सम्बन्धित निकाय वा पदाधिकारीसंग सम्पर्कमा नआएमा पीडितसंग परामर्श गर्नु पर्ने छैन ।

१३. **कानून व्यवसायी राख्न पाउने अधिकारः** पीडितले चाहेमा फौजदारी न्यायिक प्रकृयामा छुट्टै कानून व्यवसायी राख्न पाउने छ ।

१४. **सुनुवाईमा उपस्थिति र सहभागीताको अधिकार**: (१) पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसुरका सम्बन्धमा हुने अदालतका प्रत्येक सुनुवाईको कारवाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुनेछ ।

तर पीडित व्यक्ति मुद्दाको साक्षी समेत भएकोमा अन्य साक्षीको बकपत्र सम्बन्धी कारबाहीको सिलसिलामा र साक्षीको रुपमा निजले वकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित र सहभागी हुन रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ ।

१५. **सुनुवाईको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार**: (१) अदालतले कसूरको सुनुवाईको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित छुट्टै कक्ष उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै कक्ष उपलब्ध गराउन संभव र व्यवहारिक नभएमा दफा १४ को अधिकारमा प्रतिकूल असर नपर्ने गरी सुनुवाइ हुदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसंग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१६. **सम्पत्ति फिर्ता पाउने अधिकार**: (१) अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि जति सक्दो चाँडो सम्बन्धित अनुसनधान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्नेछ ।

तर त्यस्तो सम्पतिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुंगो लाग्नु अगावै सम्पत्ति फिर्ता गरिने छैन ।

१७. **कसुर सम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्ने अधिकार**: पीडित र अभियुक्तको सहमतिमा कसुरसंग सम्बन्धित मुद्दाको कुनै विवादको विषयमा अदालतले देहायको अवस्थामा पीडित र अभियुक्तलाई छलफल गर्न अनुमति दिन सक्नेछ ।

(क) छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा,

(ख) छलफल अदालतको सुपरीवेक्षणमा हुने भएमा,

(ग) छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा,

(घ) छलफलको निमित्त आवश्यक पर्ने स्रोत साधन उपलब्ध भएमा ।

१८. **लिखित निबेदन दिन सक्ने अधिकार**: (१) अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय विरुद्ध नेपाल सरकारलाई प्रचलित कानून बमोजिम निवेदन वा पुनरावेदन दिने अधिकार भएमा पीडितले सो आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिन सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निबेदन त्यस्तो आदेश वा निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्णय आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिने अधिकार पाएको सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो निबेदन उपर विचार गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्णयको जानकारी पीडितलाई दिनु पर्नेछ

१९. **क्षतिपूर्ति पाउने अधिकार**: पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

२०. **क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार**: (१) पीडितले यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम पाउने क्षतिपूर्तिका सम्बन्धमा जानकारी मागेमा अभियोजन गर्ने अधिकारीले पीडितलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम पीडितको तर्फबाट क्षतिपूर्ति सम्बन्धि कारवाही चलाउने अधिकार अभियोजन अधिकारीमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नुपर्ने आवश्यक कारबाही गर्नु पर्नेछ ।

२१. **पीडितको कर्तव्य**: यस परिच्छेदद्वारा प्रदत्त अधिकारको उपभोग गर्नको लागि पीडितले देहाय बमोजिको कर्तव्य पालना गर्नु पर्नेछ;

(क) कसुरका सम्बन्धमा प्रचलित कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा पदाधिकारी समक्ष जाहेरी वा सूचना दिनु पर्ने ।

(ख) कसुरको अनुसन्धान, तहकिकात र अभियोजनका सिलसिलामा वादी नेपाल सरकारलाई सहयोग गर्नु पर्ने.

(ग) कसुरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले वयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष दिएको बयान भन्दा अदालतमा प्रतिकूल बयान वा वकपत्र गर्न नहुने,

(घ) आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्वर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउनु पर्ने ।

## परिच्छेद - ४
## अधिकार प्रचलन सम्बन्धी व्यवस्था

२२. **कारवाही चलाउन सक्ने**ः परिच्छेद ३ द्वारा प्रदत्त अधिकारको प्रचलनको लागि पीडितले सम्बन्धित पुनरावेदन अदालत समक्ष कारवाही चलाउन सक्ने छ र पुनराबेदन अदालतले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

२३. **काम कारबाही बदर नहुने**ः दफा १२७ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद तीनद्वारा प्रदत्त पीडितको अधिकारहरु पीडितले उपभोग गर्न नपाएको वा उल्लंघन भएको वा अस्वीकार गरिएको आधारले मात्र प्रचलित कानून वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भइसकेको निर्णय, आदेश वा कार्य पुनरावेदन अदालतले बदर, उल्टी वा आंशिक उल्टी गर्ने छैन ।

२४. **विभागीय सजाय हुने**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद तीनद्वारा प्रदत्त पीडितको अधिकार जानिजानि उल्लंघन गर्ने वा अधिकारको उपभोगमा आघात पार्ने सम्बन्धित पदाधिकारीलाई सचेत गराउन वा एक वर्षसम्म तलव बृद्धि वा बढुवा रोक्का गर्नु भनी पुनरावेदन अदालतले सम्बन्धित निकाय वा पदाधिकारीलाई आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा सम्बन्धित निकाय वा पदाधिकारीले विभागीय कारवाही गरी सो को जानकारी अदालतलाई दिनेछ ।

## परिच्छेद -५
## पीडित प्रभाव प्रतिवेदन

२५. **पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेः** (१) पीडितले कसुरको कारणबाट वेहोर्नु परेको क्षति र प्रभावका सम्बन्धमा अभियोजन अधिकारी समक्ष तोकिएको ढाँचामा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेछ र त्यसरी पेश गर्दा नै पीडितले त्यस्तो प्रतिवेदन गोप्य राख्न चाहेको भए सो कुरा खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन पेश नगरेको कारणले मात्र कसुरको कारणबाट पीडितलाई क्षति नपुगेको वा न्यून क्षति पुगेको मानिने छैन ।

(३) पीडित नाबालिग वा कानूनी रुपमा संरक्षकत्व चाहिने व्यक्ति भएमा वा अन्य कुनै मुनासिव कारणबाट पीडितले उपदफा (१) बमोजिमको प्रतिवेदन पेश गर्न नसक्ने भएमा निजको अभिभावक वा कानुन बमोजिमको प्रतिनिधिले प्रतिवेदन पेश गर्न सक्नेछ ।

२६. **प्रतिवेदनमा खुलाउनु पर्ने**ः (१) दफा २५ बमोजिमको प्रतिवेदनमा पीडितलाई कसूरको प्रत्यक्ष परिणाम स्वरुप पर्न गएको क्षति र प्रभाव उल्लेख गरी सो को प्रमाणहरु संलग्न गर्नु पर्नेछ ।

२७. **प्रतिवेदन पेश गर्ने म्याद**ः (१) दफा २५ बमोजिमको प्रतिवेदन सम्बन्धित कसुरमा संभव भएसम्म अभियोगपत्र दायर गर्नु अघि नै पेश गरिसक्नु पर्नेछ ।

काबु बाहिरको परिस्थितका कारण उपदफा (१) बमोजिम प्रतिवेदन पेश गर्न नसकेमा अभियोगपत्र दायर भएका मितिले एक महिनाभित्र पेश गरिसक्नु पर्नेछ ।

२८. **अदालतमा पेश गर्नुपर्ने**ः (१) दफा २५ को उपदफा (१) बमोजिम प्रतिवेदन पेश भएकोमा अभियोगपत्र संगै र सोही दफाको उपदफा (२) बमोजिम पेश भएकोमा पेश भएको मितिले तीन दिनभित्र सम्बन्धित अभियोजन अधिकारीले अदालत समक्ष पेश गर्नु पर्नेछ ।

२९. **पीडित प्रभाव प्रतिवेदनको नक्कल दिन सकिने**ः (१) अभियुक्त वा कसुरदारले अनुरोध गरेमा अदालतले आफु समक्ष पेश भएको पीडित प्रभाव प्रतिवेदनको नक्कल अभियुक्त वा कसुरदारलाई दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडित प्रभाव प्रतिवेदनको कुनै खण्डको नक्कल दिंदा पीडितको सुरक्षा वा गोपनीयता माथि प्रतिकूल असर पर्न सक्छ भन्ने कुरामा अदालत सन्तुष्ट भएमा अदालतले त्यस्तो खण्डलाई गोप्य भागको रुपमा वर्गीकरण गरी नक्कल दिन इन्कार गरी सो खण्ड बाहेकको प्रतिवेदनको नक्कल दिन सक्नेछ ।

३०. **अदातलमा हाजिर नभई नक्कल दिन नहुने**ः दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि फरार रहेको अभियुक्तलाई निज अदालतमा हाजिर नभई पीडित प्रभाव प्रतिवेदनको नक्कल दिन हुँदैन ।

३१. **सजाय तोक्दा प्रतिवेदनलाई समेत आधार बनाउनु पर्ने**ः अदालतले कसुरदारलाई सजाय तोक्दा दफा २५ बमोजिमको प्रतिवेदनलाई समेत आधार बनाउनु पर्नेछ।

३२. **प्रतिवेदनको गोप्य भागलाई अभियुक्तलाई सजाय गर्नको निमित्त आधार बनाउन नहुने**ः दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २९ को उपदफा (२) बमोजिम गोप्य भागको रुपमा वर्गीकरण गरिएको पीडित प्रभाव प्रतिवेदनको भागलाई अभियुक्तलाई सजाय गर्नको निमित्त अदालतले आधार बनाउनु हुँदैन ।



नेपाल कानून आयोग

## परिच्छेद — ६
## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

३३. **क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यक्तिः** देहायका व्यक्तिहरुले सामितिबाट यस **परिच्छेद** बमोजिमको क्षतिपूर्ति प्राप्त गर्न सक्नेछन,

(क) प्रथम स्तरको पीडित,

(ख) द्वितीय, स्तरको पीडित,

(ग) पारिवारिक पीडित,

(घ) प्रथम स्तरको पीडितको सदगत गर्ने व्यक्ति,

३४. **प्रथम स्तरको पीडितले पाउने क्षतिपूर्तिः** (१) प्रथम स्तरको पीडितले कसुरको प्रत्यक्ष परिणामको कारणबाट व्यहोरेको क्षति बापत यस परिच्छेदको अधिनमा रही दुई लाख रुपैंयासम्म क्षतिपूर्ति पाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिमा क्षतिको प्रकृति अनुसार देहायको कुनै वा सबै रकमहरु समावेश हुनेछनः

(क) पीडितलाई लागेको वा लाग्ने मुनासिब चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श खर्च,

(ख) पीडितलाई लागेको वा लाग्ने औषधोपचार खर्च

(ग) पीडितलाई लागेको अप्रत्यासित यातायात खर्च,

(घ) क्षतिपूर्ति दावी गर्नको निम्ति पीडितले बेहोरेको कानून व्यवसायीको खर्च,

(ङ) कसुरको प्रत्यक्ष परिणामको कारणबाट कसुर हुँदाका समयमा पीडितको व्यक्तिगत क्षमता पूर्ण वा आशिक रुपमा क्षति पुगेमा सो वापत पचास हजार रुपैंयासम्मको रकम,

(च) पीडितले वेहोरेको वा बेहोर्नुपर्ने आर्थिक क्षति वापत पचास हजार रुपैंयासम्मको रकम,

तर त्यस्तो आर्थिक क्षति वापत पीडितले प्रचलित कानून बमोजिमको विमावापत क्षतिपूर्ति प्राप्त गरेकोमा वा प्राप्त गर्ने भएकोमा यस खण्ड बमोजिम क्षतिपूर्ति दिइने छैन

(छ) क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,

(ज) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको आय आर्जन क्षमता गुमेमा वा त्यस्तो क्षमता माथि गम्भीर क्षति पुगेमा सो वापतको मुनासिव रकम,



नेपाल कानून आयोग

(झ) पीडितको शारिरीक सौन्दर्य कुरुप भएमा सो वापतको मनासिव रकम,

(ञ) पीडितको, शारिरीक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट भएमा वा सो क्षमतामाथि गम्भीर क्षति पुगेमा सो वापत पैंतीस हजार रुपैंयासम्मको रकम,

(ट) जवर्जस्ती करणीका कारण पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव वापतको मुनासिव रकम,

(ठ) जवर्जस्ती करणीका कारण पीडित गर्भवति भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालन पोषणको लागि लाग्ने खर्च वापत पच्चीस हजार रुपैंयासम्मको रकम,

(ड) कसुरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च,

(ढ) विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरुद्ध हुन सक्ने थप कसुरबाट बच्ने असल नियतले गरेको मुनासिव खर्च ,

(ण) पीडितले व्यहोरेको मानसिक वा भावनात्मक क्षति वापतको खर्च,

(त) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त रकम ।

३५. <u>**द्वितीय स्तरको पीडितले पाउने क्षतिपूर्तिः**</u> (१) द्वितीय स्तरको पीडितले यस परिच्छेदको अधिनमा रही गम्भीर कसुरको हकमा एकलाख रुपैंयासम्मको क्षतिपूर्ति पाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिमा क्षतिको प्रकृति अनुसार देहायको कुनै वा सबै रकम समावेश हुनेछ;

(थ) पीडितलाई लागेको वा लाग्ने मुनासिब चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श खर्च,

(क) पीडितलाई लागेको वा लाग्ने मुनासिव औषधि उपचार खर्च

(ख) पीडितलाई लागेको अप्रत्यासित यातायात खर्च,

(ग) पीडितले वेहोरेको वा वेहोर्नु पर्ने आर्थिक क्षति वापत बीस हजार रुपैंयासम्मको रकम

तर त्यस्तो आर्थिक क्षति वापत पीडितले प्रचलित कानुन बमोजिम विमाबाट क्षतिपूर्ति पाएमा वा पाउने भएमा यस खण्ड बमोजिमको क्षतिपूर्ति दिइने छैन ।

(घ) यस परिच्छेदको बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नको लागि पीडितले वेहोरेको कानून व्यवसायीको मुनासिव खर्च

(ङ) विशेष अवस्था आकर्षित हुने पीडितका हकमा निज विरुद्ध हुन सक्ने कसुरबाट बच्ने असल नियतले निजले गरेका मुनासिव खर्च,

(च) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त रकम, ।

(३) द्वितीय स्तरको पीडितले यस ऐनको अधिनमा रही सामान्य कसुरको हकमा पचास हजार रुपैंयासम्म क्षतिपूर्ति पाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको क्षतिपूर्तिमा अवस्था अनुसार देहायको कुनै वा सबै रकम समावेश हुनेछ;

(क) पीडितलाई लागेको वा लाग्ने मुनासिब चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श खर्च,

(ख) पीडितलाई लागेको वा लाग्ने मुनासिव औषधी उपचार खर्च,

(ग) पीडितलाई लागेको अप्रत्यासित यातायात खर्च,

(घ) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त रकम ।

(५) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा सो भन्दा बढी व्यक्तिले क्षतिपूर्ति पाउने भएमा उपदफा (१) र (२) बमोजिमको रकम क्षतिको प्रकृति अनुसार पाउनेछ ।

३६. **पारिवारिक पीडितले पाउने क्षतिपूर्ति**: (१) पारिवारिक पीडितले कसुरको प्रत्यक्ष परिणाम स्वरुप प्रथम स्तरको पीडितको मृत्यु भएमा यस परिच्छेदको अधिनमा रही दुई लाख रुपैंयासम्म क्षतिपूर्ति पाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्षतिपूर्ति पाउने व्यक्तिको संख्या दुई वा सो भन्दा बढी भएमा उपदफा (१) बमोजिमको क्षतिपूर्ति रकम दामाशाहीले दिइने छ ।

(३) उपदफा (१) बमोजिमको क्षतिपूर्तिमा देहायको कुनै वा सबै रकमहरु समावेश हुनेछ;

(क) पीडितलाई लागेको वा लाग्ने मुनासिब चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श खर्च,

(ख) पीडितलाई लागेको वा लाग्ने मुनासिव औषधि उपचार खर्च

(ग) पीडितलाई लागेको अप्रत्यासित यातायात खर्च,

(घ) पीडितले बेहोरेको वा बेहोर्नु पर्ने आर्थिक क्षति वापत तीस हजार रुपैंयासम्मको रकम,

(ङ) पीडितले बेहोरेको वा बेहोर्ने मानसिक पीडा वापत पन्ध्र हजार रुपैयासम्मको रकम,

**(च)** यस परिच्छेदको बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नको लागि पीडितले बेहोरेको कानून व्यवसायीको मुनासिब शुल्क,

**(छ)** विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसुरबाट प्रथम स्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मुनासिव खर्च,

**(ज)** नावालिग सन्तानले अभिभावको संरक्षकत्व गुमाएकोमा सो वापतको बापतको मुनासिव रकम ।

३७. **<u>पारिवारिक पीडितको प्रथमिकताक्रमः</u>** यस परिच्छेद बमोजिम पारिवारिक पीडितले पाउने क्षतिपूर्तिमा देहाय बमोजिमको प्राथमिकताक्रम रहनेछः

(क) पीडितको नाबालिग सन्तान,

(ख) पीडितको मृत्यु हुदासम्म पीडितसंग एकासंगोलमा रहेको पति, पत्नी,

(ग) एकासंगोलमा नरहेको भएपनि पीडितको मृत्यु हुनु अघिसम्म पीडितबाट आर्थिक सहायता प्राप्त गरिरहेको पति, पत्नी,

(घ) पीडितमा आश्रित व्यक्ति,

(ङ) पीडितको मृत्यु हुनु अघिसम्म पीडितको पालन पोषण, स्याहार सम्भार वा संरक्षण गरिरहेको व्यक्ति,

(च) पीडितको आमा बाबु,

३८. **<u>प्रथम स्तरको पीडितको सदगत वापत पाउने</u>** <u>खर्चः</u> (१) कसुरको प्रत्यक्ष परिणामको कारणबाट मृत्य भएको प्रथम स्तरको पीडितको सदगत गर्ने व्यक्तिले सदगत वापत खर्च पाउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको व्यक्तिले गरेको कसुरको प्रत्यक्ष परिणाम स्वरुप प्रथम स्तरको पीडितको मृत्यु भएकोमा त्यस्तो व्यक्तिले सदगत वापत खर्च क्षतिपूर्ति पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको खर्च वापत दश हजार रुपैंयासम्म प्रदान गरिने छ ।

(४) उपदफा (१) बमोजिमको खर्च प्राप्त गर्ने एकभन्दा वढी व्यक्ति भएको मा उपदफा (३) बमोजिमको रकम सदगद गर्ने व्यक्ति मध्येको परिवारको मुख्य व्यक्तिलाई दिइनेछ ।

३९. **<u>कसुरको समुहलाई एक कसुर मानिने</u>**ः (१) यस ऐन बमोजिम क्षतिपूर्ति प्रदान गर्ने प्रयोजनको लागि कसुरको समुह**लाई** एउटै कसुर मानी क्षतिपूर्ति दिइने छ ।

**<u>स्पष्टीकरण</u>**ः यस दफाको प्रयोजनको लागि कसुरको समुह भन्नाले देहायको कारणबाट सम्बद्धता गासिएका दुई वा सो भन्दा बढी कसुरहरुलाई सम्झनु पर्छ;

(क) ती कसुरहरु एकै बारदातमा एकै व्यक्तिको विरुद्धमा उही व्यक्ति वा व्यक्तिहरुको समुहबाट भएकोमा वा अन्य कुनै कारणबाट ती कसुरहरु वीच समान विशेषता भएको भएकोमा; र

(ख) पीडितको मृत्यु हुनु वा पीडितलाई क्षति हुनुमा ती कसुरहरुको योगदान भएकोमा ।

४०. **<u>एकभन्दा बढी हैसियतमा क्षतिपूर्ति प्राप्त नहुने</u>**ः कुनै व्यक्तिले प्रथम स्तरको पीडित, द्वितीय स्तरको पीडित र पारिवारिक पीडित मध्ये कुनै एक हैसियतमा मात्र यस परिच्छेद बमोजिमको क्षतिपूर्ति प्राप्त गर्न सक्नेछ ।

तर प्रथम स्तरको पीडितको कसुरको प्रत्यक्ष परिणामको कारणबाट मृत्यु भएमा मृत्यु भएको व्यक्तिको सदगत गर्नको निमित्त पारिवारिक पीडितले दफा ३८ बमोजिमको खर्च प्राप्त गर्नमा बाधा पुगेको मानिने छैन ।

४१. **<u>क्षतिपूर्ति दिन नहुने</u>**ः यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई यस परिच्छेद बमोजिमको क्षतिपूर्ति दिइने छैन;

(क) जुन कसुरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसुर गर्ने, सो को उद्योग गर्ने, सो कसुर गर्न दुरुत्सान दिने वा षडयन्त्र गर्ने बा सो कसुरमा संलग्न मतियार,

(ख) क्षतिपूर्ति दाबि गर्ने व्यक्ति अन्य कुनै कसुरमा संलग्न भएको बखत वा सोहि कारणले निज विरुद्ध कसुर भएकोमा प्रथम स्तरको पीडितको हैसियतमा यस बमोजिमको क्षतिपूर्ति पाउ भनी माग गर्ने व्यक्ति,

(ग) कसैको विरुद्ध कसूर गर्न गएका बखत वा सोही कारणबाट मृत्यु भएको व्यक्तिको पारिवारिक पीडित

(घ) प्रचलित कानून बमोजिम सवारी दुर्घटनाको कारणबाट भएको क्षतिको सम्बन्धमा तेस्रो पक्षको अनिवार्य विमा व्यवस्था अन्तर्गत क्षतिपूर्ति पाउने व्यक्ति,

तर मार्ने वा क्षति पुऱ्याउने उद्देश्यले सवारी साधन प्रयोग गरी मारेमा वा क्षति पुऱ्याएमा क्षतिपूर्ति प्राप्त हुनेछ ।

(ङ) प्रथमस्तरको पीडित अन्य कुनै कसुरमा संलग्न भएको जानकारी भएकोमा वा त्यस्तो जानकारी पाउनुपर्ने मुनासिव कारण भएको द्वितीयस्तरको पीडित वा पारिवारक पीडित व्यक्ति,

तर जुन कसुरका सम्बन्धमा क्षतिपूर्तिको लागि निवेदन दिएको हो सो कसुर हुँदा साक्षी रहेको व्यक्तिको हकमा उल्लेखित व्यवस्था लागू हुने छैन ।

(च) कसुरको कारणबाट भएको क्षतिको सम्बन्धमा लाग्ने उपचार वापतको खर्चको हकमा नेपाल सरकारले स्थापना गरेको स्वास्थ्य कोष वा संचालन गरेको स्वास्थ्य योजनाबट पीडितले निःशुल्क सेवा पाउने र पीडित निको हुने संभावना भएमा त्यस्तो पीडित व्यक्ति,

तर चिकित्सकीय परामर्श वा औषधोपचार रकम बाहेक अन्य क्षतिको हकमा क्षतिपूर्ति प्राप्त हुनेछ ।

(छ) प्रचलित कानून बमोजिम कैद सजाय पाई थुनामा रहेको अवधिमा निज विरुद्ध कसुर भएको कारणबाट मानसिक क्षति वेहोरेको पीडित कैदी,

तर प्रचलित कानून बमोजिम लागेको जरिवाना तिर्न नसकेको कारणबाट मात्र कैदमा वस्नु परेकोमा मनासिक क्षति वापत समेत क्षतिपूर्ति पाउने छ ।

(ज) प्रचलित कानून अन्तर्गत राज्य विरुद्धको कसुरमा कसुरदार ठहरिएको व्यक्ति,

(झ) प्रचलित कानून अन्तर्गतको संगठित अपराधमा कसुरदार ठहरिएको व्यक्ति,

(ञ) नावालिग वा मानसिक सन्तुलन नभएको पीडित बाहेक पीडितले आफू विरुद्ध कसुर हुन उक्साएमा वा पीडितको आचरणको कारण निज विरुद्ध त्यस्तो कसुर भएकोमा कसुरबाट पीडित व्यक्ति,

(ट) कसुरका सम्बन्धमा अनुसन्धान वा अदालति कारवाहीका सम्बन्धमा अनुसन्धान अधिकारी वा अभियोजन अधिकारीलाई सहयोग नगर्ने वा झूठा जाहेरी वा उजुरी दिने वा कसुरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालतमा वयान वा वकपत्र गर्ने वा प्रमाण पेश गर्ने वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष भएको वयान भन्दा अदालतमा प्रतिकूल बयान वा बकपत्र गर्ने व्यक्ति,

(ठ) जुन कसुरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो, सो कसुरको सम्बन्धमा नेपाल सरकारको अन्य कुनै स्रोतबाट आर्थिक सहायता वा क्षतिपूर्ति पाएमा वा पाउने देखिएमा त्यस्तो व्यक्ति,

(ड) क्षतिपूर्ति प्रदान गर्न न्यायको दृष्टिले अनुचित देखिएको व्यक्ति,

(ढ) क्षतिपूर्तिको निवेदन दिए पनि क्षतिपूर्ति लिन इन्कार गरी निवेदन दिने व्यक्ति ।

४२. **कसुर भएको एक वर्ष व्यतित नहुदै क्षतिपूर्ति दिन नहुनेः** समितिले कसुर भएको एक वर्ष अवधि व्यतित नहुदै पीडित व्यक्तिलाई यस परिच्छेद बमोजिमको क्षतिपूर्ति दिने निर्णय गर्नु हुँदैन ।

तर, यस परिच्छेद बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नको लागि पीडित व्यक्तिले समिति समक्ष निवेदन दिएको मितिले साठी दिनसम्म पनि सो कसुरका सम्बन्धमा यस परिच्छेद बमोजिमको क्षतिपूर्ति पाउन सक्ने अन्य पीडित व्यक्तिले क्षतिपूर्तिको माग गरी समितिमा निवेदन नदिएकोमा घा खर्च र सदगत खर्चको हकमा यस परिच्छेदको अधिनमा रही समितिले पीडित व्यक्तिलाई अन्तरिम क्षतिपूर्ति दिन बाधा पुग्ने छैन ।

४३. **सूचना नदिइएको कसुरमा क्षतिपूर्ति प्राप्त नहुने**ः यस परिच्छेद बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने प्रयोजनको लागि कसुर भएको मितिले साठी दिनभित्र प्रचलित कानून बमोजिमको निकाय वा अधिकारी समक्ष सम्बन्धित पीडित व्यक्तिले कसुरको सूचना वा जाहेरी दिइसक्नु पर्ने छ र सो अवधिभित्र सूचना वा जाहेरी नदिने पीडित व्यक्तिले यस परिच्छेद बमोजिमको क्षतिपूर्ति पाउने छैन ।

तर-

(क) उल्लेखित म्याद भन्दा प्रचलित कानूनले सो कसुरका सम्बन्धमा उजुरी वा जाहेरी दिन कम हदम्याद प्रदान गरेकोमा सोही बमोजिमको हदम्यादभित्र उजुरी वा जाहेरी दिइसकेको हुनुपर्नेछ ।

(ख) क्षतिपूर्ति पाउने एकभन्दा बढी पारिवारिक पीडित भएकोमा कुनै एक पारिवारिक पीडितले कसुरको सम्बन्धमा उजुरी वा जाहेरी दिएकोमा अन्य पारिवारिक पीडितले समेत यस परिच्छेदको अधीनमा रही क्षतिपूर्ति प्राप्त गर्न सक्नेछ ।

४४. **बारदात भएको तथ्य पुष्टी नभई क्षतिपूर्ति प्राप्त नहुने**ः बारदात भएको तथ्य पुष्टी नहुँदै पीडितले यस परिच्छेद बमोजिमको क्षतिपूर्ति प्राप्त गर्ने छैन ।

४५. **क्षतिपूर्तिको लागि अयोग्य हुने**ः (१) यस परिच्छेद बमोजिमको क्षतिपूर्ति प्राप्त गर्न प्रथम स्तरको पीडित योग्य नहुने भएमा सो कसुरका सम्बन्धमा द्वितीय स्तरको पीडित वा पारिवारिक पीडितले यस परिच्छेद बमोजिमको क्षतिपूर्ति पाउन अयोग्य हुने छैन ।

तर यस परिच्छेद बमोजिम क्षतिपूर्ति पाउने अवस्था हुँदाहुँदै प्रथम स्तरको पीडितले क्षतिपूर्तिको लागि निवेदन नदिएमा वा क्षतिपूर्ति लिन इन्कार गरेमा द्वितीय स्तरको पीडितले क्षतिपूर्ति पाउने छ र प्रथम स्तरको पीडितको सो कसुरको प्रत्यक्ष परिणाम स्वरुप मृत्यु भएमा यस परिच्छेदको अधीनमा रही पारिवारिक पीडितले सदगत खर्च पाउने छ ।

४६. **एकै कसुरमा एक पटक भन्दा बढी क्षतिपूर्ति नपाउने**ः पीडितले_एकै उही कसुरमा सम्बन्धमा एक पटक भन्दा बढी क्षतिपूर्ति पाउने छैन ।

४७. **कसुरदारबाट क्षतिपूर्ति भराई लिनमा प्रतिकूल प्रभाव नपर्ने**: यस **परिच्छेद** बमोजिम क्षतिपूर्ति पाएको कारणले मात्र कसुदारबाट प्रचलित कानून बमोजिम पीडितले क्षतिपूर्ति भराई लिन पाउने व्यवस्थामा प्रतिकूल प्रभाव परेको मानिने छैन ।

## परिच्छेद — ७

## कसुरदारबाट क्षतिपूर्ति भराउने व्यवस्था

४८. **कसुरदारबाट पीडितलाई क्षतिपूर्ति भराउने**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित अदालतले देहायका कसुरका कसुरदारबाट पीडितलाई यस दफा बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ;

(क) ज्यान सम्बन्धी कसुर,
(ख) कुटपिटको अंगभंग सम्बन्धी कसुर,
(ग) जर्वजस्ती करणी सम्बन्धी कसुर,
(घ) खण्ड (क) र (ग) को उद्योग सम्बन्धी कसुर,
(ङ) व्यक्तिले व्यक्तिलाई गैरकानीनी थुनामा राखेको सम्बन्धी कसुर,
(च) यौन दुर्व्यवहार सम्बन्धी कसुर,

(२) उपदफा (१) बमोजिम कसुरदारबाट पीडितलाई क्षतिपूर्ति भराउँदा कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई पुगेको क्षति, प्रतिकूल प्रभाव र असरलाई विचार गरी देहायका कुनै वा सबै रकम समावेश गनु पर्नेछ;

(क) पीडितलाई लागेको वा लाग्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय वा यस्तै प्रकृतिको मुनासिव परामर्श खर्च
(ख) पीडितलाई लागेको वा लाग्ने औषधी उपचार खर्च,
(ग) पीडितलाई लागेको अप्रत्यासित यातायात खर्च,
(घ) कसुरदारबाट क्षतिपूर्ति भराउनको लागि पीडितले बेहोरेको कानून व्यवसायीको खर्च,
(ङ) पीडितको विरुद्ध कसुर हुँदाका समयमा पीडितसंग भएको व्यक्तिगत क्षमता सो कसुरको प्रत्यक्ष परिणाम स्वरुप नष्ट भएमा वा सो क्षमता माथि गम्भीर क्षति पुगेकोमा सो वापतको मुनासिव खर्च,
(च) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितले बेहोरेको वा बेहोर्नु पर्ने आर्थिक वा वित्तीय क्षति वापतको मुनासिव रकम,
(छ) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको आय आर्जन क्षमता गुमेमा वा त्यस्तो क्षमतामाथि गम्भीर क्षति पुगेमा सो वापतको मुनासिव रकम,

(ज) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको शारिरीक, बौद्धिक, यौन वा प्रजनन क्षमता गुमेमा वा सो क्षमता माथि गम्भीर क्षति पुगेमा सो वापतको मुनासिव रकम

(झ) जवर्जस्ती करणीको परिणाम स्वरुप पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव वापतको मुनासिव रकम,

(ञ) जवर्जस्ती करणीको परिणाम स्वरुप पीडित गर्भवति भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र जन्म भएको शिशुलाई पालन पोषणको लागि लागेको वा लाग्ने खर्च वापतको मुनासिव रकम,

(ट) जवर्जस्ती करणीको परिणाम स्वरुप पीडितको पति वा पत्नीसंगको कानून सम्मत यौन सम्बन्धमा परेको प्रतिकूल प्रभाव वापतको मुनासिव रकम,

(ठ) विशेष अवस्था आकर्षित हुने अवस्थामा पीडितले निज विरुद्ध हुन सक्ने थप कसुरबाट बच्न असल नियतले गरेको मुनासिव खर्च,

(ड) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको शारिरीक सौन्दर्य कुरुप भएमा सो वापतको मुनासिव रकम,

(ढ) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितको स्वामित्व वा भोगमा रहेको सम्पत्ति नष्ट वा क्षतिग्रस्त भएमा खरीद वा मर्मत संभार वापत लागेको वा लाग्ने मुनासिव खर्च,

(ण) कसुरको प्रत्यक्ष परिणाम स्वरुप पीडितलाई भएको मानसिक तनाव वा मानसिक क्षति वापतको मुनासिव खर्च,

(त) कसुरको प्रत्यक्ष परिणाम स्वरुप नाबालकले अभिभावकको संरक्षकत्व गुमाएमा सो वापतको खर्च,

(थ) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त रकम,

(३) पीडितले परिच्छेद ६ बमोजिम क्षतिपूर्ति पाएको वा पाउने संभावना भएको आधारले मात्र यस दफा बमोजिम अदालतले कसुरदारबाट पीडितलाई क्षतिपूर्ति भराउदा कम क्षतिपूर्ति भराउने छैन ।

## परिच्छेद — ८

## कसुरदारबाट क्षतिपूर्ति भराउने

४९. **कसुरदारबाट क्षतिपूर्ति भराउने गर्ने व्यवस्था**: पीडितले जुन कसुरका सम्बन्धमा परिच्छेद ५ बमोजिम क्षतिपूर्ति पाएको हो सो कसुरमा प्रचलित कानून बमोजिम मुद्दा चली सम्बन्धित अदालतले पीडितलाई कसुरदारबाट क्षतिपूर्ति भराउने निर्णय गरेमा देहाय बमोजिम गर्नुपर्छ;

(क) परिच्छेद ६ बमोजिम पीडितले प्राप्त गरेको क्षतिपूर्ति रकम भन्दा सो मुद्दाबाट पीडितले कसुरदारबाट बढी क्षतिपूर्ति पाउने भएमा परिच्छेद ६ बमोजिम पीडितले पाएको क्षतिपूर्ति बराबरको रकम सम्बन्धित कसुरदारले सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ ।

(ख) पीडितले परिच्छेद ६ बमोजिम पाएको क्षतिपूर्ति रकम भन्दा सो मुद्दाबाट कम क्षतिपूर्ति पाउने भएमा सो आधारले मात्र पीडितले सो परिच्छेद बमोजिम पाएको क्षतिपूर्ति फिर्ता गर्नु पर्ने छैन ।

(ग) खण्ड (क) बमोजिम दाखिल गर्न पर्ने रकम सम्बन्धित अदालतबाट निर्णय भएका वखत तत्काल दाखिल गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम रकम तत्काल बुझाउन नसकी कसुरदारले सो वापत कुनै सम्पति जमानत दिएमा एक वर्षभित्र खण्ड (क) बमोजिम दाखिल गर्न पर्ने रकम दाखिल गर्ने शर्तमा सम्बन्धित कसुरदारलाई अदालतले बढीमा तीन किस्तामा चुक्ता गर्न आदेश दिन सक्नेछ।

(ङ) खण्ड (घ) बमोजिम कसुरदारले रकम चुक्ता नगरेमा त्यस्तो कसुरदारको सम्पत्तिबाट वा निजको मृत्यु भएमा निजको अपुताली खानेबाट अपुतालीको हदसम्म सम्पत्तिबाट जायजात गरी असुल उपर गरिनेछ ।

(च) कसुरदारबाट असुल उपर गरी लिएर बाँकी रहेको क्षतिपूर्ति रकम मात्र सम्बन्धित पीडित वा निजको हकवालाले पाउनेछ ।

५०. **क्षतिपूर्ति रकम भराउनमा प्राथमिकता दिनु पर्ने**: अदालतको फैसला बमोजिम कसुरदारले जरिवाना, सरकारी बिगो, दशौंद, बिशौंद, दुनियाँको विगो वा अन्य कुनै रकमका अतिरिक्त पीडितलाई क्षतिपूर्ति समेत बुझाउनु पर्ने भएकोमा फैसला कार्यान्वयन गर्दा कसुरदारबाट असुल उपर भएको रकमबाट सबैभन्दा पहिले पीडितलाई क्षतिपूर्ति भराइ दिनु पर्नेछ ।

५१. **अदालतले समितिबाट जानकारी लिनु पर्ने**: पीडितलाई कसुरदारबाट क्षतिपूर्ति भराउने निर्णय गर्नु अघि सम्बन्धित अदालतले सो कसुरका सम्बन्धमा पीडितले यस यस परिच्छेद बमोजिम समितिबाट क्षतिपूर्ति प्राप्त गरे नगरेको सम्बन्धमा समितिबाट जानकारी लिनु पर्नेछ ।

## परिच्छेद — ९

## क्षतिपूर्तिको लागि निवेदन दिने सम्बन्धी व्यवस्था

५२. **निवेदन दिन सक्ने**: (१) दफा ३३ बमोजिमका पीडितले क्षतिपूर्ति प्राप्त गर्न चाहेमा तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदन दिनु पर्ने पीडित व्यक्ति नाबालिग भएमा वा प्रचलित कानून बमोजिम संरक्षकत्व चाहिने व्यक्ति भएमा निजको अभिभावक वा संरक्षकले उपदफा (१) बमोजिमको निवेदन दिन सक्ने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा निवेदन दिनु पर्ने पीडित नाबालिग वा प्रचलित कानून बमोजिम संरक्षकत्व चाहिने व्यक्ति भएमा निजको तर्फबाट निजको हक हितमा सार्थक सम्बन्ध भएको व्यक्तिले उपदफा (१) बमोजिमको निवेदन दिन सक्नेछ ।

(क) निज विरुद्धको कसुरमा अभिभावक वा संरक्षक संलग्न भएमा,

(ख) निजको अभिभावक वा संरक्षक नभएमा वा पत्ता नलागेमा,

५३. **निवेदनमा खुलाउनु पर्ने कुरा**: (१) दफा ५२ को उपदफा (१) बमोजिमको निवेदनमा देहायका कुरा खुलाउनु पर्नेछ;

(क) प्रथम स्तरको पीडित, द्वितीय स्तरको पीडित र पारिवारिक पीडित मध्ये कुन हैसियतको पीडित हो, सो कुरा ।

(ख) पीडितलाई भएको क्षति र सो को प्रकृति ।

(ग) निजबाहेक अन्य कुनै व्यक्तिलाई समेत क्षति पुगेको भए संभव भएसम्म क्षति बेहोर्ने व्यक्तिको नाम, उमेर र वतन एवं भएको क्षतिको बेहोरा र क्षति पुग्नुको कारण,

(घ) पीडितले माग गरेको क्षतिपूर्तिको अंक

(ङ) पीडितले अन्य प्रचलित कानून बमोजिम सम्बन्धित कसुरका विषयमा क्षतिपूर्ति प्राप्त गरे नगरेको वा क्षतिपूर्तिको लागि कारबाही चलाए नचलाएको वा क्षतिपूर्ति प्राप्त गर्ने संभावना भए नभएको ।

(२) क्षतिपूर्तिको लागि निवेदन दिंदा पीडितले आफ्नो माग पुष्टी गर्ने आवश्यक प्रमाण निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

५४. **निवेदन दिने म्याद**: (१) देहायको म्याद भित्र दफा ५२ को उपदफा (१) बमोजिमको निवेदन दिई सक्नु पर्नेछ ।

(क) प्रथम स्तरको पीडित वा द्वितीय स्तरको पीडितले निवेदन दिंदा कसुर भएको मितिले तिन महिनाभित्र,

(ख) पारिवारिक पीडितले निवेदन दिनु पर्दा प्रथम स्तरको पीडितको मृत्यु भएको तिन महिनाभित्र,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भइ तापनि निवेदन दिनु पर्ने व्यक्ति नाबालिग भएमा सोह्र वर्ष उमेर पुरा गरेको मितिले तीन महिनाभित्र र क्षतिपूर्तिको लागि निवेदन दिन व्यक्ति कसुरको कारणबाट शारिरीक वा मानसिक क्षति बेहोरेकोले निवेदन दिन नसक्ने भएमा सक्षम भएको मितिले ६ महिनाभित्र निवेदन दिन सक्नेछ ।

५५. **निवेदन समिति समक्ष दिनुपर्नेः** (१) दफा ५२ को उपदफा (१) बमोजिमको निवेदन समिति समक्ष दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएमो भए तापनि समिति समक्ष निवेदन दिन नसक्ने पीडितले सम्बन्धित जिल्ला सरकारी बकील कार्यालय मार्फत निवेदन दिन बाधा पर्ने छैन र त्यसरी निवेदन परेकोमा दर्ता गरी तीन दिनभित्र जिल्ला सरकारी वकील कार्यालयले समिति समक्ष पठाउने छ ।

५६. **क्षतिपूर्ति प्राप्त नगर्दै पीडितको मृत्यु भएमाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनको लागि यस परिच्छेद बमोजिम क्षतिपूर्ति प्राप्त गर्न सक्ने पीडितको क्षतिपूर्ति प्राप्त नगर्दै मृत्यु भएमा निजले यस परिच्छेद बमोजिम प्राप्त गर्ने क्षतिपूर्ति रकममा अन्य कसैको पनि दाबि लाग्ने छैन ।

(२) यस परिच्छेद बमोजिम क्षतिपूर्ति प्राप्त गर्न पीडितले निवेदन दिएमा र निजको निवेदनमा टुंगो लाग्नु अगावै निजको मृत्यु भएमा निजले दिएको निवेदन तामेलिमा राख्नु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम समितिले पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरेकोमा त्यस्तो रकम भुक्तानी नहुँदै वा आशिंक भुक्तानी भएकोमा पीडितको मृत्यु भएमा त्यस्तो क्षतिपूर्तिको रकम अन्य कसैलाई पनि भुक्तानी गरिने छैन ।

५७. **निवेदन फिर्ता लिन सकिनेः** निवेदकले समिति समक्ष दिएको निवेदन सो निवेदनमा निर्णय हुनु अगाडि जुनसुकै बेला फिर्ता लिन सक्नेछ ।

५८. **समितिमा उपस्थित हुनुपर्नेः** (१) समितिले तोकेको समयमा निवेदक समितिमा उपस्थित हुनु पर्नेछ ।

(२) कावु वाहिरको परिस्थितिका कारण समितिले तोकेको समयमा समितिमा उपस्थित नहुने निवेदकको हकमा समितिले त्यस्तो निवेदनलाई तामेलीमा राख्न सक्नेछ ।

५९. **थप जानकारी वा प्रमाण माग गर्न सक्नेः** (१) समितिलाई निवेदनको टुंगो लगाउनको निमित्त थप जानकारी वा प्रमाण समेत आवश्यक परेमा निवेदकसंग त्यस्तो जानकारी वा प्रमाण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएकोमा निवेदकले बढीमा पन्ध्र दिनभित्र माग भए बमोजिमको जानकारी वा प्रमाण समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदकले जानकारी वा प्रमाण नदिएमा समितिले त्यस्तो निवेदनलाई तामेलीमा राख्नेछ ।

६०. **स्वास्थ्य परीक्षणः** (१) पीडितले शारिरीक वा मानसिक क्षतिको सम्बन्धमा निवेदन दिएमा समितिले पीडितलाई समितिले तोकेको सरकारी अस्पतालबाट स्वास्थ्य परिक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण गराउन सहमति नदिने पीडितलाई समितिले यस ऐन बमोजिम क्षतिपूर्ति दिने छैन ।

(३) उपदफा (१) बमोजिमको स्वास्थ्य परीक्षणको प्रतिवेदन त्यस्तो परीक्षण गर्ने अस्पताल वा चिकित्सकले समिति वाहेक पीडित वा अरु कसैलाई दिनु हुँदैन ।

(४) उपदफा (१) बमोजिमको परीक्षण गर्दा लाग्ने शुल्क क्षतिपूर्ति कोषबाट बेहोरिने छ ।

६१. **अनुसन्धान अधिकारी**बाट **जानकारी माग गर्न सक्नेः** (१) समितिले निवेदनसंग सम्बन्धित कसुरका सम्बन्धमा अनुसन्धान गर्ने अधिकारीबाट देहायको कुनै वा सबै जानकारी माग गर्न सक्नेछ ;

(क) जाहेरी दर्खास्त वा सूचना

(ख) कसुर हुँदाका परिस्थिति,

(ग) भइरहेको वा भएको अनुसन्धानको विवरण,

(घ) शंकास्पद व्यक्ति, अभियुक्तत वा अन्य कुनै व्यक्तिले गरेको कागज वा बयान,

(ङ) पीडितले अनुसन्धानमा सहयोग गरे नगरेको व्यहोरा

(च) समितिले देखेको अन्य कुनै आवश्यक जानकारी,

(२) उपदफा (१) बमोजिम जानकारी माग भएकोमा सम्बन्धित अनुसन्धान अधिकारीले माग भए बमोजिमको जानकारी समितिलाई उपलब्ध गराउने छ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराएको जानकारी समितिले गोप्य राख्नु पर्नेछ र कुनै पनि माध्यमबाट कसैलाई पनि प्रकट गर्ने छैन ।

६२. **अभियोजन अधिकारीबाट जानकारी माग गर्न सक्नेः** (१) समितिले क्षतिपूर्तिको लागी निवेदन परेको कसुरका सम्बन्धमा अभियोजन अधिकारीबाट देहायको कुनै वा सबै जानकारी माग गर्न सक्नेछ ;

(क) मुद्दा नचलाउने निर्णय भएकोमा सो निर्णय,

(ख) अदालतमा मुद्दा दायर भएकोमा अभियोगपत्र,

(ग) प्रतिवादीले अदालतमा गरेको बयान,

(घ) साक्षीहरुले अदालतमा गरेको बकपत्र,

(ङ) समितिले आवश्यक देखेको अन्य कुरा ।

(२) उपदफा (१) बमोजिम माग भएकोमा सम्बन्धित अभियोजन अधिकारीले माग भए बमोजिमको विवरण समितिलाई उपलब्ध गराउने छ ।

६३. **<u>प्रथम स्तरको पीडितको फौजदारी अभिलेख माग गर्न सक्नेः</u>** (१) प्रथम स्तरको पीडितले क्षतिपूर्तिको लागि निवेदन दिएकोमा बा समितिको विचारमा कसुरको कारणबाट मृत्यु भएको प्रथम स्तरको पीडितको फौजदारी अभिलेख प्राप्त गर्नुपर्ने आवश्यक देखेमा समितिले निजको फौजदारी अभिलेख सम्बन्धित निकायबाट माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फौजदारी अभिलेख माग भएकोमा सम्बन्धित निकायले माग भए बमोजिमको विवरण उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेख यस ऐनको प्रयोजनको लागि बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गर्नु हुँदैन ।

६४. **<u>निवेदक थुनामा परेमा निवेदन स्थागित राखिनेः</u>** क्षतिपूर्तिको माग गर्ने पीडित निवेदन दायर गरेपछि दफा ४१ को को खण्ड (ज) र (झ) को कसुरमा वा सम्बद्ध कसुरमा प्रचलित कानून बमोजिम थुनामा परेमा निज थुनाबाट मुक्त नभएसम्म निजको निवेदन टुंगो नलगाई स्थागित राख्नु पर्नेछ ।

६५. **<u>क्षतिपूर्ति नदिने वा घटाउने निर्णय गर्दा विचार गर्नुपर्ने कुराः</u>** (१) समितिले क्षतिपूर्ति नदिने वा घटाउने निर्णय गर्दा देहायको कुरालाई विचार गर्नेछ;

(क) पीडितको तत्काल वा सो अघिको कुनै कार्य, व्यवहार वा आचरणले सो कसुर हुन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुगे नपुगेको,

(ख) दफा ४३ बमोजिम जाहेरी वा सूचना दिए नदिएको,

(ग) पीडित सो कसुर गर्न गराउनमा संलग्न भए नभएको वा सो कसुर गर्न कुनै व्यक्तिलाई दुरुत्साहन दिए नदिएको वा अभियुक्तलाई सो कसुर गर्नमा कुनै सहयोग पऱ्याए, नपुऱ्याएको,

(घ) पीडितमा आश्रित व्यक्तिको कुनै कार्य वा व्यवहारका कारण वा कसुर हुँदाका बखत अन्य कुनै कसुरमा संलग्न भएको वा कसुर हुनु अघि संलग्न भएको कारणले निज विरुद्ध कसुर भए नभएको,

(ङ) कसुरको अनुसन्धानमा प्रचलित कानुन बमोजिमको अधिकारीलाई मुनासिव सघाउ पुऱ्याए नपुऱ्याएको,

(च) पारिवारिक पीडित र प्रथम स्तरको पीडित बीचको सम्बन्धको प्रकृति,

(छ) पीडितले सहयोग पुऱ्याउने अवस्था रहेको र पीडितले सहयोग पुऱ्याएमा पीडकलाई पक्राउ गर्न सहज हुने मनासिव आधार रहेको अवस्थामा समेत पीडितले अनुसन्धान अधिकारीलाई मुनासिव सघाउ पुऱ्याए नपुऱ्याएको,

(ज) घटना हुनु तत्काल पूर्व वा घटना हुँदाका बखत पीडितले मादक पदार्थ वा लागू पदार्थ सेवन गरेको कारणबाट उत्पन्न परिस्थितिको परिणाम कसुर भई पीडितको मृत्यु भएको वा निजलाई क्षति पुगेको अवस्था रहे नरहेको ।

(झ) पीडितको फौजदारी अभिलेखको विश्लेषण गर्दा निजलाई पूर्ण रुपमा क्षतिपूर्ति प्रदान न्यायोचित देखिए नदेखिएको,

(ञ) पीडित वा शंकास्पद व्यक्ति वा अभियुक्त बीचको सम्बन्धको प्रकृति,

(ट) पारिवारिक पीडित भएमा निज प्रथम स्तरको पीडितको आश्रित व्यक्ति भए नभएको,

(ठ) समितिले आवश्यक देखेको अन्य उपयुक्त कुरा,

(३) क्षतिपूर्तिको लागि निवेदन दिनेले दफा ४३ बमोजिम जाहेरी वा सूचना दिए नदिएको प्रश्नको निर्क्यौल गर्न समितिले देहायका कुरा विचार गर्नेछ ।

(क) निजको परिवारको सदस्यको मृत्यु भई क्रिया बस्नु परेको,

(ख) बाटो घाटो बन्द भएको,

(ग) प्रचलित कानून बमोजिम हिरासतमा परेको,

(घ) कसैको गैर-कानूनी थुनामा परेको,

(ङ) कसुर हुँदाका बखत पीडितको उमेर,

(च) कसुर हुँदाका बखत पीडित शारिरीक वा मानसिक रुपमा असक्षम भए नभएको,

(छ) पीडित र अभियुक्त वा शंकास्पद व्यक्ति बीचको सम्बन्धको प्रकृति,

(ज) कसुर हुँदाका बखत अभियुक्त वा शंकास्पद व्यक्ति पीडितलाई सो कसुरको सम्बन्धमा जाहेरी वा सूचना दिनबाट रोक्ने वा प्रभावमा पार्ने हैसितमा रहे नरहेको,

(झ) पीडितलाई अभियुक्त वा शंकास्पद वा निज सम्बद्ध व्यक्तिबाट डर, त्रास, धम्की दिए नदिएको,

(ञ) पीडितले बेहोरेको क्षतिको गंभीरता र प्रकृति,

(ट) अन्य कुनै विशेष अवस्था परी पीडितले सो कसुरका सम्बन्धमा समयमै जाहेरी वा सूचना दिन नसकेको अवस्था भए नभएको,



नेपाल कानून आयोग

(ठ) समितिले आवश्यक देखेको अन्य उपयुक्त कुरा ।

६६. **क्षतिपूर्ति नदिने वा घटाउने निर्णय गर्नु अघि निवेदकलाई भनाई राख्न मौका दिनुपर्नेः** (१) समितिले निवेदकलाई क्षतिपूर्ति नदिने वा घटाउने निर्णय गर्नु अघि क्षतिपूर्ति नदिने वा घटाउने सम्बन्धमा प्रस्ताव गरी सो प्रस्तावको आधार कारण खुलाई निवेदकलाई आफ्नो भनाई राख्नको निमित्त१५ दिन समय दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त गरेपछि निवेदकले लिखित वा मौखिक रुपमा आफ्नो भनाई राख्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदकले भनाई राखेमा सो समेत उपर विचार गरी समितिले निर्णय गर्नेछ ।

६७. **क्षतिपूर्तिको अंक तोक्दा विचार गर्नु पर्ने कुराः** समितिले क्षतिपूर्तिको अंक तोक्दा देहायको कुरा बिचार गर्नेछ;

(क) कसुरको कारणबाट भएको क्षतिका सम्बन्धमा कसुरदारबाट क्षतिपूर्ति पाउने अन्य ऐनमा कानूनी व्यवस्था भए नभएको,

(ख) खण्ड (क) बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था भएपनि पीडितले कसुरदारको आर्थिक हैसियत वा अन्य कुनै कारणबाट क्षतिपूर्ति पाउने अवस्था रहे नरहेको,

६८. **आर्थिक सहायता वा क्षतिपूर्तिको जानकारी समितिलाई दिनु पर्नेः** क्षतिपूर्तिको लागि निवेदन दिएपछि पीडित वा निज तर्फबाट कुनै व्यक्तिले अन्य कुनै कानून बमोजिम सो कसुरका सम्बन्धमा कसुरदारबाट क्षतिपूर्तिको माग गरी कारवाही शुरु गरेमा वा राज्य कोषबाट कुनै आर्थिक सहायता प्राप्त गर्नको लागि कारबाही शुरु गरेमा त्यसको जानकारी यथाशीघ्र समितिलाई दिनु पर्नेछ ।

६९. **पीडित र पीडक दुवै संगोलको परिवारका सदस्य रहेमा क्षतिपूर्ति नपाउनेः** कसुर हुँदाका बखत पीडित र पीडक दुवै संगोलका परिवारका सदस्य रहेकोमा वा अन्य कुनै मुनासिब कारणले यस ऐन बमोजिम पीडितलाई क्षतिपूर्ति दिंदा त्यस्तो क्षतिपूर्ति वा क्षतिपूर्तिको लाभ पीडकले प्राप्त गर्न सक्ने देखिएमा समितिले पीडितलाई क्षतिपूर्ति दिन हुँदैन ।

तर देहायको अवस्थामा पीडितले क्षतिपूर्ति प्राप्त गर्न सक्नेछ;

(क) पीडकको उमेर वा मानसिक अस्वस्थ्यताका कारण निजले प्रचलित कानून बमोजिम आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा,

(ख) सो कसुरमा पीडितले कसुरदारबाट क्षतिपूर्ति पाउने कानूनी व्यवस्था नभएकोले वा भए पनि पीडक वा संगोलका परिवारका नाममा सम्पत्ति नरही वा अन्य कुनै मनासिव कारणले पीडितले पीडकबाट क्षतिपूर्ति पाउने अवस्था

नदेखिएकोमा कसुर भइसकेपछि पीडित व्यक्ति पीडक व्यक्ति रहेको संगोलको परिवारबाट मानो छुट्टी भिन्न बसेको प्रमाणित भएमा, वा

(ग) जवर्जस्ती कारणीबाट पीडित महिला वा निजबाट जन्मेको सन्तान ।

७०. **क्षतिपूर्ति दिने सूचनाः** (१) समितिले निवेदकलाई क्षतिपूर्ति दिने निर्णय गरेमा सो निर्णयको सूचना निवेदकलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा देहायको कुरा उल्लेख हुनु पर्नेछ;

(घ) पीडितले पाउने कूल क्षतिपूर्तिको अंक र सो को आधार,

(ङ) क्षतिपूर्तिको कूल अंकमा समावेश भएमा रकम,

(च) सो क्षतिपूर्तिको रकम प्राप्त गर्नको लागि पीडितले कुनै शर्त पालन गर्नु पर्ने भएमा त्यस्तो शर्त र सो को कारण,

७१. **क्षतिपूर्ति नदिने सूचनाः** समितिले निवेदकलाई क्षतिपूर्ति नदिने वा घटाउने निर्णय गरेमा सो निर्णयको आधार र कारण सहित निवेदकलाई सूचना दिनु पर्नेछ ।

## परिच्छेद — १०

## अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था

७२. **अन्तरिम क्षतिपूर्ति प्राप्त हुनेः** समितिले देहायको अवस्थामा पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान गर्न सक्नेछ ।

(क) पीडितले दफा ५२ बमोजिम दिएको निवेदन उपर टुंगो लाग्न बाकी भएमा,

(ख) अन्तरिम क्षतिपूर्तिको लागि पीडितले माग गरेमा,

(घ) तत्काल अन्तरिम क्षतिपूर्ति नदिंदा सो कसुरको कारणबाट पीडितलाई थप क्षति पुग्ने संभावना देखिएमा,

(ङ) पीडितको आर्थिक अवस्था नाजुक भई तत्काल सदगत खर्च वापत सहयोग स्वरुप केही रकम दिनुपर्ने जरुरी देखिएमा, र

(च) अन्तरिम क्षतिपूर्ति दिंदा पीडितलाई कसूरको प्रभाव वा असर कम हुने भएमा ।

७३. **अन्तरिम क्षतिपूर्तिको हदः** समितिले परिच्छेद ६ बमोजिम क्षतिपूर्ति पाउन योग्य व्यक्तिलाई यस परिच्छेदको अधीनमा रही सदगद खर्च बाहेक बढीमा दश हजार रुपैंयासम्म पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान गर्न सक्नेछ ।

७४. **शर्त तोक्न सक्नेः** (१) समितिले पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान गर्दा मुनासिव शर्त तोक्न सक्नेछ ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम तोकिएको शर्त पालन गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

७५. **सम्बन्धित व्यक्तिलाई जानकारी दिनु पर्ने**: (१) समितिले पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान गर्ने भएमा सम्बन्धित व्यक्तिलाई देहायको कुरा खोली सूचना दिनेछ ।

(क) पीडितलाई दिने अन्तरिम क्षतिपूर्तिको रकम,

(ख) अन्तरिम क्षतिपूर्ति प्राप्त गर्दा सम्बन्धित व्यक्तिले कुनै शर्त पालन गर्नुपर्ने भएमा त्यस्तो शर्त,

(ग) निर्णयको आधार,

(२) समितिले पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान नगर्ने निर्णय गरेमा सो निर्णयको कारण सहितको सूचना सम्बन्धित व्यक्तिलाई दिनेछ ।

७६. **अन्तरिम क्षतिपूर्ति कट्टा गर्नु पर्ने**: परिच्छेद ६ बमोजिम पीडितलाई क्षतिपूर्ति प्रदान गर्दा निजलाई दफा ७३ बमोजिम दिइएको अन्तरिम क्षतिपूर्तिको रकम कट्टा गर्नु पर्नेछ ।

७७. **क्षतिपूर्ति रकम फिर्ता गर्नुपर्ने**: (१) परिच्छेद ६ बमोजिम पीडितलाई क्षतिपूर्ति प्रदान गर्द निजलाई दफा ७३ बमोजिम दिएको अन्तरिम क्षतिपूर्तिको रकम भन्दा कम रकम हुने भएमा त्यसरी बढी भएको रकम पीडितले समितिलाई फिर्ता गर्नुपर्नेछ।

(२) दफा ७३ बमोजिम पीडितलाई अन्तरिम क्षतिपूर्ति प्रदान भएपछि निजले दिएको क्षतिपूर्ति सम्बन्धी निवेदनमा कारवाही हुँदा क्षतिपूर्ति प्रदान गर्न नमिल्ने निर्णय भएमा अन्तरिम क्षतिपूर्ति वापत निजले पाएको रकम समितिले तोकेको म्यादभित्र समिति समक्ष फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको फिर्ता लिनु पर्ने रकम समितिले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

## परिच्छेद — ११

## क्षतिपूर्ति रकम भुक्तानी सम्बन्धी व्यवस्था

७८. **क्षतिपूर्ति रकम भुक्तानी गर्ने**: समितिले पीडतिलाई क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरेमा त्यस्तो क्षतिपूर्ति रकम देहायको व्यक्तिलाई भुक्तानी गरिनेछ;

(क) क्षतिपूर्तिको लागि निवेदन दिएको निवेदक वा

(ख) पीडितको हक हितको लागि समितिले उपयुक्त ठहऱ्याएको अन्य कुनै व्यक्ति ।

७९. **पीडितले जरिवाना तिर्नु पर्ने भएमा क्षतिपूर्तिको रकम कट्टा गर्ने**: (१) पीडितलाई क्षतिपूर्ति दिने निर्णय भएकोमा क्षतिपूर्तिको रकम प्राप्त नगर्दै निजले कानून बमोजिम राज्यलाई कुनै अपराधको सम्बन्धमा जरिवाना तिर्न बांकी रहेको कुरा समितिले थाहा पाएमा त्यसरी तिर्नु पर्ने जरिवाना उक्त क्षतिपूर्तिको रकमबाट कट्टा गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई किस्तावन्दीमा क्षतिपूर्तिको रकम भुक्तानी गरिरहेको अवस्थामा उपदफा (१) बमोजिमको जरिवाना बुझाउन बाँकी रहेको थाहा हुन आएमा पीडितलाई क्षतिपूर्ति दिन बाँकी रहेको किस्ता रकमले खामेसम्मको क्षतिपूर्ति रकम मात्र जरिवाना बापत कट्टा गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम क्षतिपूर्ति रकमबाट जरिवाना रकम कट्टा गरी बांकी भएको क्षतिपुर्ति रकम मात्र पीडितले पाउनेछ ।

८०. **एकमुस्ट वा किस्तावन्दीमा क्षतिपूर्तिको रकम भुक्तानी गर्न सकिने:** समितिले पीडितलाई क्षतिपूर्तिको रकम भुक्तानी गर्दा एकमुष्ट वा बढीमा चार किस्तामा गर्न सक्नेछ ।

८१. **शर्त तोक्ने र शर्त उल्लंघन गरेमा भुक्तानी रोक्न सक्ने**: (१) समितिले क्षतिपूर्तिको भुक्तानी सम्बन्धमा मुनासिव शर्त तोक्न सक्नेछ। पीडितले त्यस्तो तोकिएको शर्त उल्लंघन गरेकोमा समितिले त्यस्तो पीडितले पाउने क्षतिपूर्तिको रकम भुक्तानी रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का भएको क्षतिपूर्ति रकम पीडित व्यक्तिले शर्त पालना गरेको अवस्थामा समितिले भुक्तानी गर्नेछ ।

८२. **क्षतिपूर्तिको रकम लिन नआएमा क्षतिपूर्ति सर्वसंचित कोषमा दाखिला हुने**: क्षतिपूर्ति दिने निर्णय गरेको व्यहोरा सम्बन्धित पीडितलाई सूचना दिएको मितिले छ महिनासम्म क्षतिपूर्ति लिन नआएमा सो अबधि पछि त्यस्तो क्षतिपूर्ति रकम समितिले सर्वसंचित कोषमा दाखिला गर्नु पर्नेछ ।

८३. **भुक्तानी गर्दा रकम घटाउन सकिने**: समितिले यस परिच्छेद बमोजिम क्षतिपूर्तिको रकम भुक्तानी गर्दा देहायको कुनै अवस्थामा क्षतिपूर्तिको रकम घटाउन सक्नेछ;

(क) सम्बन्धित पीडितले रकम घटाउन समिति समक्ष निवेदन दिएमा;

(ख) सम्बन्धित पीडितले क्षतिपूर्तिको लागि निवेदन दिंदाको विद्यमान परिस्थितिमा तात्विक परिवर्तन भएमा,

(ग) जुन खर्चको निमित्त क्षतिपूर्ति दिएको हो, सो खर्च नै नभएकोमा,

(घ) नाम मात्रको खर्च भएको देखिएमा,

(ङ) अपेक्षा गरिएको समय अगावै पीडित चाँडै स्वस्थ्य भएमा,

(च) पीडितको आर्थिक अवस्थामा उल्लेख्य सुधार भई क्षतिपूर्तिको रकम घटाउदा पीडितलाई मर्का नपर्ने भएमा ।

८४. **भुक्तानी गर्दा रकम वढाउन सकिने**: (१) समितिले यस परिच्छेद बमोजिम क्षतिपूर्तिको रकम भुक्तानी गर्दा देहायको अवस्थामा क्षतिपूर्तिको रकम बढाउन सक्नेछः

(क) सम्बन्धित पीडितले रकम बढाउन आधार र कारण सहित समिति समक्ष दिएको निवेदन मुनासिव देखिएमा,

(ख) सम्बन्धित पीडितले क्षतिपूर्तिको लागि निवेदन दिंदाको बिद्यमान परिस्थितिमा तात्विक परिवर्तन आई रकम बढाउन पर्ने भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई भुक्तानी गर्न बाँकी रहेको रकममा मात्र पाँच प्रतिशतसम्म रकम बढाउन सकिनेछ ।

८५. **भुक्तानी गर्दा शर्त परिवर्तन गर्न सक्ने**: समितिले यस परिच्छेद बमोजिम रकम भुक्तानी गर्दा दफा ७४ बमोजिम तोकेको शर्तमा परिवर्तन गर्ने वा थप शर्त तोक्न सक्नेछ ।

८६. **क्षतिपूर्ति रकममा अन्य कसैको अधिकार नहुने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद ६ बमोजिम क्षतिपूर्ति स्वरुप पाएको रकम यस ऐन बमोजिम फिर्ता, कट्टा वा असुल उपर हुनेमा बाहेक सो रकममा नेपाल सरकार तथा अरु कसैको पनि कुनै अधिकार हुने छैन ।

८७. **कर नलाग्ने**: परिच्छेद ६ बमोजिम प्राप्त हुने क्षतिपूर्तिमा कुनै किसिमको कर लाग्ने छैन ।

## परिच्छेद — १२

## क्षतिपूर्ति फिर्ता सम्बन्धी व्यवस्था

८८. **झुठो निवेदन दिई क्षतिपूर्ति प्राप्त गरेकोमा**: यस ऐन बमोजिमको क्षतिपूर्ति प्राप्त गर्ने मनसायले कसैले गलत वा झुठो तथ्य उल्लेख गरी निवेदन दिई क्षतिपूर्ति प्राप्त गरेको देखिएमा समितिले त्यस्तो क्षतिपूर्तिको रकम सम्बन्धित पीडितको सम्पत्तिबाट असुल उपर गरी लिनेछ ।

८९. **सम्बद्ध कसूर गरेको ठहरेमा फिर्ता गर्नु पर्ने**: (१) क्षतिपूर्ति दिने निर्णय भएपछि वा क्षतिपूर्तिको रकम एकमुष्ट वा किस्ताबन्दी रुपमा भुक्तान भएपछि सम्बद्ध कसुरमा त्यस्तो क्षतिपूर्ति पाउने पीडित अधिकार प्राप्त अदालतबाट कसुरदार ठहरिएमा समितिले तोकेको म्याद भित्र त्यसरी प्राप्त गरेको क्षतिपूर्ति रकम समितिलाई फिर्ता गर्नु पर्नेछ र त्यसरी फिर्ता भएको रकम समितिले सर्वसंचित कोषमा दाखिल गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो पीडितले प्रचलित कानून बमोजिम त्यस्तो कसुरका सम्बन्धमा पुनरावेदन गर्ने म्याद बाँकी छँदै वा पुनरावेदन गरेकोमा पुनरावेदनको रोहबाट अन्तिम टुंगो नलागेसम्म क्षतिपूर्ति रकम फिर्ता गर्नु पर्ने छैन ।

९०. **क्षतिपूर्ति फिर्ता सम्बन्धी सूचना**: (१) पीडितलाई प्रदान गरिएको क्षतिपूर्ति फिर्ता लिनु पर्ने भएमा समितिले देहायका कुराहरु खोली सम्बन्धित पीडितलाई सूचना दिनु पर्नेछ;

(क) क्षतिपूर्ति प्रदान गरिएको मिति,

(ख) क्षतिपूर्तिको रकम र क्षतिपूर्ति प्रदान वा भुक्तानी गर्दा कुनै शर्त तोकिएको भए त्यस्तो शर्त ।

(ग) जुन कसुरको सम्बन्धमा क्षतिपूर्ति प्रदान गरिएको सो, सो कसुर,

(घ) प्रथम स्तरको पीडित, द्वितीयस्तरको पीडित वा पारिवारिक पीडित मध्ये कुन हैसियतको पीडित हो, सो कुरा,

(ङ) क्षतिपूर्ति प्राप्त गरेको पीडितले सम्बद्ध कसुर गरेको अवस्थामा सो सम्बन्धमा अदालतबाट भएको फैसलाको प्रतिलिपी,

(च) सम्बन्धित पीडितले समितिलाई फिर्ता गर्नु पर्ने क्षतिपूर्तिको रकम,

(छ) क्षतिपूर्ति फिर्ता गर्नुपर्ने आधार र कारण ।

(२) उपदफा (१) बमोजिको सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित पीडितले आफूले प्राप्त गरेको क्षतिपूर्ती फिर्ता गर्नु नपर्ने कुनै कारण भए कारण सहित समिति समक्ष लिखित प्रतिवाद पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिम अदालतबाट कसुरदार ठहरिएकोमा सम्बन्धित व्यक्तिलाई प्रतिवादको मौका दिनु पर्ने छैन ।

९१. **<u>लिखित प्रतिवाद समेतलाई विचार गरी समितिले निर्णय गर्नेः</u>** दफा ९० को उपदफा (२) बमोजिमको लिखित प्रतिवादलाई समेत विचार गरी समितिले सम्बन्धित पीडितबाट क्षतिपूर्ति फिर्ता गर्नु पर्ने नपर्ने सम्बन्धमा निर्णय गर्नेछ ।

९२. **<u>क्षतिपूर्ति फिर्ता गर्नु पर्ने निर्णयको सूचनाः</u>** (१) दफा ९० को उपदफा (२) बमोजिमको अवधि भित्र पीडितले समिति समक्ष लिखित प्रतिवाद नगरेमा वा प्रतिवाद गरेकोमा दफा ९० बमोजिम क्षतिपूर्ति फिर्ता गर्नु पर्ने भनी समितिले निर्णय गरेमा समितिले सो निर्णयको सूचना पीडितलाई दिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना पाएको मितिले ६ महिनाभित्र पीडितले समितिको निर्णय बमोजिमको क्षतिपूर्तिको रकम फिर्ता गर्नु पर्नेछ ।

९३. **<u>सरकारी बांकी सरह असुल उपर गरिनेः</u>** दफा ९२ को उपदफा (२) बमोजिम सम्बन्धित पीडितले क्षतिपूर्ति रकम फिर्ता नगरेमा समितिले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।

९४. **<u>पीडितको मृत्यु भएमा निजको सम्पत्तिबाट भराई लिनेः</u>** यस ऐन बमोजिम क्षतिपूर्ति फिर्ता गर्नु पर्ने दायित्व रहेको पीडितको क्षतिपूर्ति फिर्ता नगर्दै मृत्यु भएमा निजको सम्पत्तिबाट समितिले सरकारी बाँकी सरह क्षतिपूर्ति रकम असुल उपर गर्नु पर्नेछ ।

## परिच्छेद - १३
## पीडित क्षतिपूर्ति कोष

९५. **पीडित क्षतिपूर्ति कोषको स्थापना**ः यस ऐन बमोजिम पीडितलाई क्षतिपूर्ति प्रदान गर्न पीडित क्षतिपूर्ति कोषको नामबाट एक कोष स्थापना गरिनेछ ।

९६. **कोषमा रहने रकम**ः दफा ९५ बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्;

(क) नेपाल सरकारले दफा ९५ बमोजिम विनियोजन गरेको रकम,

(ख) नेपाल सरकारले अन्य स्रोत परिचालन गरी उपलब्ध गराएको रकम,

(ग) दफा १०१ बमोजिम प्राप्त क्षतिपूर्ति शुल्क ।

९७. **बजेट विनियोजन**ः (१) कोषको निमित्त नेपाल सरकारले बजेट बिनियोजन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वजेट विनियोजन गर्दा क्षतिपूर्तिको लागि छुट्टै शीर्षक अन्तर्गत रकम विनियोजन गर्न पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम क्षतिपूर्ति दिनमा बाहेक अन्य कुनै काममा खर्च गर्न पाइने छैन ।

९८. **कोष संचालन**ः समितिले कोषको संचालन गर्नेछ ।

९९. **खाता संचालन**ः कोषको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

१००. **लेखा र लेखा परीक्षण**ः (१) कोषको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राखिने छ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले जुनसुकै वखत कोषको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

## परिच्छेद — १४
## क्षतिपूर्ति शुल्क ( कम्पेनसेसन लेभि)

१०१. **कसुरदारले क्षतिपूर्ति शुल्क तिर्नु पर्ने**ः (१) पीडितको विरुद्ध नेपाल सरकारवादी हुने कसुरमा अन्तिम तहबाट कसुरदार ठहरिएको प्रत्येक व्यक्तिले राज्यलाई क्षतिपूर्ति शुल्क तिर्नु पर्नेछ ।

१०२. **क्षतिपूर्ति शुल्क**ः (१) दफा १०१ बमोजिमका कसुरदारले देहाय बमोजिमको कैद सजायमा देहाय बमोजिम क्षतिपूर्ति शुल्क तिर्नु पर्नेछ ।

(क) एक वर्षभन्दा कम कैद सजाय भएमा दुईसय रुपैंया ।

(ख) एक वर्षदेखि दुई वर्षसम्म कैद सजाय भएमा चार सय रुपैंया ।

(ग) दुई वर्षभन्दा माथि तीन वर्षसम्म कैद सजाय भएमा छ सय रुपैंया ।



नेपाल कानून आयोग

(घ) तीन वर्षभन्दा माथि चार वर्षसम्म कैद सजाय भएमा आठ सय रुपैंया ।

(ङ) चार वर्षभन्दा माथि पाँच बर्षसम्म कैद सजाय भएमा एक हजार रुपैंया ।

(च) पाँच वर्षभन्दा माथि आठ वर्षसम्म कैद सजाय भएमा तेह्र सय रुपैंया ।

(छ) आठ वर्षभन्दा माथि बाह्र वर्षसम्म कैद सजाय भएमा अठार सय रुपैंया ।

(ज) वाह्र वर्षभन्दा माथि र जन्मकैद भन्दा मुनिसम्म कैद सजाय भएमा बाइस सय रुपैंया ।

(झ) जन्मकैद सजाय भएमा अट्ठाइस सय ।

(२) कैद सजाय नभई जरिवाना मात्र हुने ठहरको कसुरदारले लागेको जरिवानाको चार प्रतिशतले हुन आउने रकम क्षतिपूर्ति शुल्क तिर्नु पर्नेछ ।

(३) कसुरदारलाई कैद र जरिवाना दुवै सजाय भएकोमा कैद वा जरिवाना मध्ये कसुरदारले रोजेको कुनै एक सजायबाट मात्र क्षतिपूर्ति शुल्क बुझाउने छ ।

१०३. **क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने दायित्व समाप्त भएको नमानिने**: (१) जुन कसुरका सम्बन्धमा दफा १०१ बमोजिम क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने हो, सो कसुरमा जरिवाना वा अन्य कुनै आर्थिक दायित्व समेत वेहोर्नु पर्ने वा पीडितलाई क्षतिपूर्ति दिन पर्ने भएमा पनि दफा १०१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने दायित्व समाप्त भएको मानिने छैन ।

(२) कसुरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा प्रचलित कानून बमोजिम सजाय छुट वा निलम्बन भएको अवस्थामा समेत दफा १०१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने दायित्व समाप्त भएको मानिने छैन ।

१०४. **क्षतिपूर्ति शुल्क घटाउने वा लिनु नपर्ने गरी आदेश गर्न सक्ने**: कुनै कसुरदारले दफा १०१ बमोजिमको क्षतिपूर्ति शुल्क बुझाउन नसक्ने कारण देखाई सम्बन्धित अदालत समक्ष निवेदन दिएकोमा अदालतले त्यस्तो कसुरदारले क्षतिपूर्ति शुल्क बुझाउन नसक्ने मुनासिव अवस्था देखेमा दफा १०१ बमोजिमको शुल्क घटाउने वा लिनु नपर्ने गरी आदेश गर्न सक्नेछ ।

१०५. **फैसला गर्दा नै तोक्नु पर्ने**: दफा १०१ बमोजिमको क्षतिपूर्ति शुल्क अदालतले सम्बन्धित कसुरमा फैसला गर्दाको अवस्थामा नै तोक्नु पर्नेछ ।

१०६. **क्षतिपूर्ति शुल्क असूल उपर गर्नमा प्राथमिकता**: प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदारले जरिवाना, विगो वा अन्य कुनै आर्थिक दायित्व वा क्षतिपूर्ति समेत बुझाउनु पर्ने अवस्थामा दफा ४९ बमोजिमको क्षतिपूर्ति भराए पछि यस परिच्छेद बमोजिमको क्षतिपूर्ति शुल्क असूल उपर गर्नु पर्नेछ ।

## परिच्छेद — १५

## पीडित क्षतिपूर्ति समिति सम्बन्धी व्यवस्था

१०७. **पीडित क्षतिपूर्ति समितिको गठनः** (१) परिच्छेद ५ बमोजिमको क्षतिपूर्तिको लागि पेश भएको निवेदनमा कारबाही र किनारा गर्न नेपाल सरकारले पीडित क्षतिपूर्ति समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहने छन् ।

(क) नेपाल सरकारले तोकेको एकजना नायव महान्यायाधीवक्ता — अध्यक्ष

(ख) कसुर पीडित न्याय शास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको एकजना विज्ञ — सदस्य

(ग) राजपत्रांकित प्रथम श्रेणीको अधिकृत, नेपाल न्याय सेवा — सदस्य

(३) समितिको कार्यालय नेपाल राज्यका महान्यायाधीवक्ताको कार्यालयमा रहनेछ ।

१०८. **सदस्यको योग्यताः** दफा १०७ को उपदफा (२) को खण्ड (ख) को सदस्यको हकमा सो खण्डमा उल्लिखित योग्यताको अतिरिक्त देहायको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) पैतालीस वर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यायलबाट कानूनमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(ङ) दामाशाहीमा नपरेको ।

१०९. **सदस्यको पदावधिः** दफा १०७ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

११०. **पद रिक्त हुने अवस्था** : दफा १०७ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) निजको मृत्यु भएमा,

(ख) निजले महान्यायाधीवक्ता समक्ष राजिनामा दिएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) कार्यक्षमताको अभाव वा खराव आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारिपूर्वक नगरेको आधारमा नेपाल सरकारले पद मुक्त गरेमा,

तर त्यसरी पदबाट मुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बँचित गरिने छैन ।

१११. **सुविधा तथा पारिश्रमिक**ः समितिका अध्यक्ष तथा सदस्यहरुको सुविधा तथा पारिश्रमिक नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

११२. **अदालतलाई भए सरहको अधिकार हुने**ः वयान गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, लिखत पेश गर्न लगाउने सम्बन्धमा समितिलाई अदालतलाई भए सरहको अधिकार हुनेछ ।

११३. **कार्यविधि**ः समितिको कार्य संचालन सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११४. **समितिका कर्मचारी**ः समितिलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने छ।

११५. **समितिको निर्णय उपर पुनरावेदन**ः समितिले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र महान्यायाधीवक्ता समक्ष पुनरावेदन गर्न सक्नेछ ।

११६. **महान्यायाधीवक्ताको निर्णय अन्तिम हुने**ः दफा ११५ बमोजिम परेको पुनरावेदनमा महान्यायाधीवक्ताले गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णयका विरुद्ध कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन ।

## परिच्छेद — १६

## पीडित संरक्षण सुझाव समिति

११७. **पीडित संरक्षण सुझाव समिति रहने**ः (१) कसुर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको निमित्त पीडित संरक्षण सुझाव समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका संयोजक तथा सदस्यहरु रहने छनः

(क) महान्यायाधीवक्ता - संयोजक

(ख) उपाध्यक्ष, नेपाल कानून आयोग - पदेन- सदस्य

(ग) सचिव, कानून तथा न्याय मन्त्रालय - पदेन- सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - पदेन- सदस्य

(ङ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - पदेन- सदस्य

(च) पीडित न्याय शास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान गरेको व्यक्तिहरुमध्येवाट नेपाल सरकारले नियुक्ता गरेको एकजना विज्ञ - सदस्य

११८. **सदस्यको योग्यता**ः दफा ११७ को उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको लागि सो खण्डमा उल्लेखित योग्यताको अतिरिक्त देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ;

(क) नेपाली नागरिक,

(ख) पैतालीस वर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यायलबाट कानूनमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

११९. **पद रिक्त हुने अवस्था** : दफा ११७ को उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) निजको मृत्यु भएमा,

(ख) निजले महान्यायाधीवक्ता समक्ष राजिनामा दिएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) कार्यक्षमताको अभाव वा खराव आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारिपूर्वक नगरेको आधारमा नेपाल सरकारले पद मुक्त गरेमा,

तर त्यसरी पदबाट मुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बँचित गरिने छैन ।

१२०. **सदस्यको पदावधि**: दफा ११७ को उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

१२१. **पीडित संरक्षण सुझाव समितिको काम**: (१) पीडित संरक्षण सुझाव समितिको काम देहाय बमोजिम हुनेछः

(क) पीडितको हक हितको संरक्षणको लागि विद्यमान कानूनमा गर्नु पर्ने सुधार तथा परिमार्जनका विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) पीडितको सुरक्षा तथा कसुर पीडितले कसुरको कारणबाट वेहोरेको क्षति, र प्रतिकूल असर न्युन गर्नको लागि नेपाल सरकारले अबलम्बन गर्नुपर्ने नीतिगत उपाय र अवलम्बन गरिएका नीतिका सम्बन्धमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

(ग) पीडितको अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सझौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिश गर्ने ।

(घ) पीडित आवश्यकता पहिचान गरी आवश्यकता अनुसारको खास सेवा संचालन गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(२ नेपाल सरकारले पीडित संरक्षण समितिको सुझावलाई समेत विचार गरी कसुर पीडितको सुरक्षा, हक हितको संरक्षण एवं कसुरको कारणबाट पीडितले बेहोरेको वा बेहोर्ने क्षति, प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि आवश्यकता अनुसार उद्धार, पुर्नस्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक कानूनी लगायतका सेवा संचालन गर्नेछ ।

१२२. **बैठक भत्ता**ः संयोजक तथा सदस्यहरुले बैठकमा भाग लिए वापत नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन ।

१२३. **समितिको खर्च**ः समितिलाई आवश्यक पर्ने खर्च नेपाल सरकारले व्यवस्था गर्नेछ ।

## परिच्छेद — १७
## कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था

१२४. **झुट्टा वा गलत निवेदन दिन नहुने**ः (१) कसैले यस ऐन बमोजिम प्राप्त हुने क्षतिपूर्ति प्राप्त गर्ने उद्देश्यले कसैले पनि समिति समक्ष झुट्टा वा गलत कुरा उल्लेख गरि निवेदन दिनु हुँदैन ।

(२) कसैले पनि यस ऐन बमोजिम प्राप्त हुने क्षतिपूर्ति प्राप्त गर्ने वा गराउने उद्देश्यले समितिलाई जानी जानी झुट्टा वा गलत सूचना दिनु हुँदैन ।

(३) उपदफा (१) वा (२) विपरित कार्य गर्ने व्यक्तिलाई दश हजार रुपैंयासम्म जरिवाना र दुई वर्षसम्म कैद सजाय हुनेछ ।

(४) झुट्टा वा गलत कुरा वा सूचनाको आधारमा क्षतिपूर्ति प्राप्त गरेकोमा सो कार्य गर्ने व्यक्तिलाई विगो वमोजिम जरिवाना गरी चार वर्षसम्म कैद गर्नु पर्छ र त्यसरी प्राप्त गरेको क्षतिपूर्ति समेत प्राप्त गर्ने सम्बन्धित व्यक्तिबाट वा निजको मृत्यु भएमा निजको सम्पत्ति खाने व्यक्तिबाट सरकारी बाँकी सरह असूलउपर गरी लिनु पर्छ,

(५) यस दफा बमोजिम जरिवाना तिर्नु पर्ने व्यक्तिको मृत्यु भएमा निजको अपुताली खाने व्यक्तिबाट अपुतालीको सम्पत्तिले खामेसम्मको रकम समितिले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

१२५. **पीडितको गोप्य पहिचान प्रकट गर्न नहुने**ः (१) यस ऐन बमोजिम पीडितको गोप्य पहिचान प्रकट गर्न सकिनेमा बाहेक कसैले पीडितको गोप्य पहिचान कुनै पनि तरिकाले प्रकट गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरित काम गर्ने गराउने व्यक्तिलाई पन्ध्र हजार रुपैंयासम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

१२६. **झुट्टा वा गलत सूचना दिन नहुने**ः (१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पीडितलाई निजको अधिकार उपभोग वा प्रचलन गर्नको लागि सूचना दिनु पर्ने दायित्व रहेको पदाधिकारीले जानी जानी झुट्टा वा गलत सूचना दिनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारीलाई यस ऐन बमोजिम सूचना उपलब्ध गराउनु पर्ने दायित्व भएको पदाधिकारीले जानी जानी झुट्टा वा गलत सूचना दिनु हुँदैन ।

(३) उपदफा (१) र (२) विपरित कार्य गर्ने पदाधिकारीलाई पचास हजार रुपैंयासम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

१२७. **मुद्दा हेर्ने अधिकारीः** यस परिच्छेद अन्तर्गतको कसुरको मुद्दाको कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

१२८. **हदम्याद**ः यस परिच्छेद अन्तर्गतको मुद्दा कारण परेको मितिले नब्बे दिन भित्र दायर भइसक्नु पर्नेछ ।

१२९. **नेपाल सरकारवादी हुने**ः यस परिच्छेद अन्तर्गतको कसुरको मुद्दामा नेपाल सरकार वादी हुने छ र त्यस्तो मुद्दा सरकारबादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा परेको मानिनेछ ।

## परिच्छेद - १८

## विविध

१३०. **सूचना दिनु पर्ने कर्तव्य भएका निकाय वा पदाधिकारीलाई सूचना उपलब्ध गराउनु पर्ने**ः यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएका निकाय वा पदाधिकारीलाई त्यस्तो विषयको काम कारबाहीमा संलग्न रहेका वा त्यस्तो सूचनाको अभिलेख राख्ने वा त्यस्तो सूचनामा पहुँच भएका सम्बन्धित निकाय वा पदाधिकारीले यथाशीघ्र त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ ।

१३१. **समितिलाई सहयोग गर्नु पर्ने**ः यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिले सम्पादन गर्नुपर्ने काम कारबाहीका सम्बन्धमा सम्बन्धित सबै निकाय वा पदाधिकारीले समितिलाई सहयोग गर्नु पर्नेछ ।

१३२. **खास कुरा प्रमाणमा नलागने**ः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बद्ध कसुरको सम्बन्धमा हुने अदालती कारवाहीको सिलसिलामा देहायको कुरा प्रमाणमा लिनु हुँदैन;

(क) सम्बद्ध कसुरको सम्बन्धमा पीडित वा निजका तर्फबाट कसैले यस ऐन बमोजिम क्षतिपूर्ति माग गरी निवेदन दिएको वा नदिएको,

(ख) समितिले क्षतिपूर्ति सम्बन्धी कारबाहीको सिलसिलामा सो कसुरको तथ्यका सम्बन्धमा व्यक्त गरेको कुनै कुरा,

(ग) सो कसुरका सम्बन्धमा समितिले यस ऐन बमोजिम क्षतिपूर्ति दिने वा नदिने भनी गरेको निर्णय र सो निर्णयमा उल्लेखित कुनै कुरा ।

१३३. **जानकारी वा नक्कल लिन पाउनेः** (१) यस ऐन बमोजिम क्षतिपूर्ति प्राप्त गर्न योग्य पीडितले देहायको जानकारी बा नक्कल लिनको लागि तोकिए बमोजिमको दस्तुर तिरी समितिमा निवेदन दिन सक्नेछ;

(क) सम्बन्धित कसुरका अन्य कुनै पीडित व्यक्तिले क्षतिपूर्तिको माग गरी समितिमा दिएको निवेदन,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिले दिएको निवेदनमा भएको निर्णय,

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा समितिले निवेदनको माग बमोजिम जानकारी बा नक्कल दिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितको पहिचान गोप्य राख्नु पर्ने मुनासिव अवस्था परेकोमा पीडितको पहिचान नखुल्ने गरी समितिले उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिलाई आवश्यक जानकारी वा नक्कल उपलब्ध गराउने छ ।

१३४. **पेशीको सूचना दिने**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले कसुर सम्बन्धि मुद्दामा कम्तीमा सात दिन अघि नै पेशीको सूचना सम्बन्धित सरकारी वकील कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त गरेपछि सम्भव भएसम्म जति सक्दो चाँडो सम्बन्धित सरकारी वकील कार्यालयले सम्बन्धित पीडितलाई पेशीको जानकारी दिनु पर्नेछ ।

१३५. **पीडितलाई सूचना दिने तरिका**ः यस ऐन बमोजिम पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएका सम्बन्धित निकाय वा अधिकारीले आवश्यकताअनुसार लिखित, मौखिक, टेलिफोन वा अभिलेखमा रहने गरी विद्युतीय माध्यमबाट सूचना दिन सक्नेछ ।

१३६. **प्रतिनिधि नियुक्त गर्न सक्ने**ः यस ऐनद्वारा प्रदत्त पीडितका अधिकार उपभोग वा प्रचलन गर्नको लागि पीडितले प्रचलित कानून बमोजिम आफ्नो प्रतिनिधि वा वारेस नियुक्त गर्न सक्ने छ र त्यसरी नियुक्त भएकोमा पीडितले त्यस्तो वारेस वा प्रतिनिधि मार्फत निजको अधिकार वा उपभोग वा प्रचलन गरेको मानिने छ ।

१३७. **अधिकार प्रत्यायोजन**ः समितिले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३८. **वाधा अड्काउ फुकाउने**ः यो ऐन कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा यस ऐनको अधिनमा रही कानून तथा न्याय मन्त्रालयले महान्यायाधीवक्तासंग परामर्श गरी सो बाधा अड्काउ फुकाउनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

१३९. **वार्षिक प्रतिवेदन**ः समितिले आफूले वर्ष भरीमा गरेका काम कारबाहीको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र कानून तथा न्याय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१४०. **समितिको खर्च**ः समितिलाई आवश्यक पर्ने खर्च नेपाल सरकारले व्यवस्था गर्नेछ ।

१४१. **निर्देशिका बनाउन सक्ने**ः यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

१४२. **नेपाल सरकारसंग सम्पर्क**ः समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा कानून तथा न्याय मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४३. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले महान्यायाधीवक्तासंग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

नेपाल कानून आयोग